जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक १९९ • २०८२ साल पुस ३ गते बिहीबार (18 December, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## प्रमुख सचेतक घिमिरेलाई कारबाही गर्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेस केन्द्रीय समितिले गरेको निर्णय विपरीत संसद् पुनःस्थापनाको पक्षमा सर्वोच्च अदालतमा मुद्दा दिने कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरेलाई कारबाही गर्न माग गरिएको छ।

जनकपुरधाममा बुधबार आयोजित अन्तरक्रिया कार्यक्रममा पार्टी केन्द्रीय समितिले जेन- जी आन्दोलनको पक्षमा प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुने निर्णय गरेको केही दिनमै सो निर्णय विपरीत प्रमुख सचेतक घिमिरेले संसद् पुनःस्थापनाका लागि अदालतमा मुद्दा दिएकाले पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्न वक्ताहरुले माग गरेका छन्।

पार्टी केन्द्रीय समितिको बैठकबाट गरिएको निर्णयको केही दिनपछि पार्टी सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको गोप्य भेटवार्ता लगत्तै सर्वोच्च अदालतमा संसद् पुनःस्थापनाका लागि प्रमुख सचेतक घिमिरेले मुद्दा दिएका थिए।

कांग्रेस धनुषाका सभापति योगेन्द्र पंजियारको सभापतित्वमा भएको उक्त कार्यक्रममा केन्द्रीय सदस्यत्रय डा. डिला संग्रौला, गुरुराज घिमिरे, देवराज चालिसे, जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोजकुमार साह, पार्टी धनुषा जिल्ला उपसभापति गणेश झालगायतकाहरुको सहभागिता रहेको थियो।

### सचिव विवादले निर्देशिका प्रभावित

# बेवास्ताका कारण जनस्वास्थ्य प्रयोशाला बन्द हुने अवस्थामा

**सुभाष कर्ण**

जनकपुरधाम । मधेश प्रदेश सरकारको बेवास्ताका कारण आमनागरिकलाई सहुलियत दरमा उपलब्ध गराउँदै आएको जनस्वास्थ्य प्रयोगशाला बन्दको कगारमा पुगेको छ।

स्वास्थ्यलाई प्राथमिकता राखी स्थापना गरिएको जनस्वास्थ्य प्रयोगशाला सस्तो र छिटो छरितो रुपमा सेवा दिँदै आएको प्रयोगशालालाई सरकारीस्तरबाटै सम्बन्धित स्वास्थ्य सेवाका लागि बनाइनु पर्ने निर्देशिका नबनाउँदा सर्वसाधारण स्वास्थ्य सेवाबाट वञ्चित हुने अवस्थामा पुगेको छ।

केमिकल (रिएजेन्ट) को अभावमा उक्त प्रयोगशाला बन्द हुने अवस्थामा पुगेको बताइन्छ । कर्मचारीहरुले जनाए अनुसार महत्वपूर्ण चेकजाँचहरु बन्द भइसकेको र अहिले भइरहेका चेकजाँचहरु पनि पुस महिनासम्ममा बन्द भएपछि सम्पूर्ण कामकाज नै ठप्प हुनेछ।

अशक्त, ज्येष्ठ नागरिक, दीर्घरोगीलगायत दैनिक अढाई सय भन्दा बढी बिरामीहरू स्वास्थ्य परीक्षणका लागि आउने गरे पनि त्यहाँ आवश्यक केमिकल छैन। २ सय ५० प्रकारको स्वास्थ्य परीक्षण गर्ने क्षमता रहे पनि अहिले भिटामिन डी, भिटामिन डी- १२, हार्मोन, बाईराइड, लिपिड प्रोफाइललगायतका महत्वपूर्ण ५० प्रकार भन्दाबढीको परीक्षण बन्द छ।

मधेश प्रदेशको सबै १ सय ३६ वटै पालिकामा रहेका स्वास्थ्य प्रयोगशालाहरू पनि केमिकल अभावमा गत वर्षदेखि नै ठप्प रहेको बताइन्छ। कार्य निर्देशिका आभावका कारण खरिदका लागि निकालिएको टेन्डर रद्द भई गत वर्ष पनि औषधि र केमिकल खरिद हुन सकेको थिएन र यस वर्षपनि किन्ने अवस्था छैन।

प्रयोशालाका प्रमुख मुत्युञ्जय यादवका अनुसार सम्बन्धित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्य निर्देशिका नबनाइ दिएको कारण केमिकल खरीद गर्न नसक्दा प्रयोगशाला बन्द हुने अवस्थामा पुगेको छ।




उनले भने 'एउटै कम्पनीको नाम तोकि कुनै सामान खरीद गर्न पाउनेमा सार्वजनिक खरीद ऐनले रोक लगाएको छ। त्यस कारणले प्रत्येक वर्ष मन्त्रालयले कार्य निर्देशिका जारी गर्दै आएको थियो। तर यसवर्ष कार्य निर्देशिका जारी नगर्दा टेण्डर गरिएपनि पछि रद्द गर्नु पऱ्यो।'

गत वर्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कुल ५ अर्ब २९ करोड ९९ लाख भन्दा बढीको बजेट रहे पनि कर्मचारीहरूको तलब भत्ता, छलफल गोष्ठीलगायतका औपचारिक कार्यक्रमहरूमा ३ अर्ब ४३ करोड ५२ लाख रुपैयाँ खर्चिएको थियो। तर औषधि, केमिकल, स्वास्थ्य उपचार उपकरणलगायतका शिर्षकमा विनियोजित १ अर्ब ८२ करोड ४३ लाख भन्दाबढी बजेट फ्रीज भएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अवस्था गत वर्षभन्दा पनि यस वर्ष सरकार गठनक प्रक्रिया र सचिव विवादले निकै खराब देखिएको छ। चालू आर्थिक वर्षको कात्तिक महिनामा केमिकल खरीदका लागि टेण्डर आह्वान गरिएको थियो । तर केही व्यक्तिले विरोध गर्दा मन्त्रालयले रोक लगाएपछि टेण्डर नै रद्द गर्नु परेको बताए।

पछि कानुन निर्माण गर्ने भनी प्रदेश सरकारले २०७६ सालमा प्रयोगशाला संचालनमा ल्याएको थियो । त्यस यता अहिलेसम्म स्वास्थ्य मन्त्रालयले कानून नै निर्माण नगरिंदा हचुवाको भरमै संचालन हुँदै आएको थियो। हाल आएर कानूनी जटिलताले केमिकल खरीद गर्न नसक्दा बन्द हुने अवस्थामा पुगेको छ।

प्रयोगशालाले पटक पटक ताकेता गर्दा पनि स्वास्थ्य मन्त्रालयका सचिले कार्य निर्देशिका तयार पार्न पारेको छैन । सचिवकै लापरवाहीका कारण पालिकास्तरीय संचालित प्रयोगशाला गत वर्षदेखि नै केमिकल आभावमै बन्द रहेको छ । सो प्रयोगशालामा कार्यरत करारका कर्मचारीलाई एक वर्ष खटाएर मात्र ६ महिनाको तलब दिई हटाइएको थियो एक कर्मचारीले पीडा सुनाए। हुनत केही पालिकाले आफ्नै खर्चमा पालिकाभित्रका प्रयोगशाला संचालन गर्दै आएको छ।

**सचिवमा विवाद**

चालु आर्थिक वर्षमा जेन- जी आन्दोलनपछि प्रदेश सरकार अस्थिर रहेको छ। पटक पटकको सरकार परिवर्तनले समेत कर्मचारी खटनपटनमा असर पर्दा समस्या उत्पन्न भएको छ । पछिल्लो मुख्यमन्त्री सरोजकुमार यादवले ओम अर्याललाई सरुवा गरी डा. प्रमोद यादवलाई पठाएका थिए। तर कृष्णप्रसाद यादव मुख्यमन्त्री बनेपछि सो निर्णय बदर गर्दा पुन ओम अर्याल स्वास्थ्य मन्त्रालयमै फर्कियो। तर अहिले उनी बिदा लिएर गएपछि अहिलेसम्म फेर्केको छैन।

यता सचिवको कोठमा डा. प्रमोद यादवकै बोर्ड झुण्डाइएको छ। तर उनी मुख्यमन्त्री कार्यालयमा हाजिर भइ रहेका छन्। दुई/दुई जना सचिव हुँदाहुँदै अहिले मन्त्रालयमा सचिव बस्दैनन् । मन्त्रालयका एक कर्मचारीले भने यहाँ त सचिवमा डा. प्रमोद यादव र ओम अर्याल दुबै दाबी गरिरहेका छन् । कोही पनि बस्दैनन् । सचिवको विवादले समेत कार्य निर्देशिका तयार पार्न समस्या भइरहेको छ।

नाम नबताउने सर्तमा एकजना कर्मचारीले भने प्रयोगशाला सञ्चालकका लागि उत्पन्न भएको समस्याका कारण मेसिनसहित केमिकलको टेण्डर गर्ने प्रक्रिया अघि बढाउने तयारी थालिएको थियो। तर सचिवको विवादले गर्दा अहिले उक्त प्रक्रिया ओझेलमा परेको बताइन्छ । यसवर्ष करिब ३ करोड रुपैयाँ केमिकलका लागि छुट्याइएको जनाइएको छ।

# आयआर्जन र रोजगारीका लागि विदेशिने क्रम बढ्दो

**टुडे समाचारदाता**

जनकपुरधाम। आर्थिक वर्ष ०८१/०८२ मा रोजगारीका लागि विदेशिने क्रम निरन्तर बढी नै रहेको छ । सबैभन्दा बढी मधेश प्रदेशबाट वैदेशिक रोजगारका लागि युवाहरु विदेशिएका छन्।

वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष ०८१/०८२ मा रोजगारीमा कामको खोजीमा ८ लाख ३९ हजार २६६ जना नेपाली विदेशिएका छन्। जसमध्ये मधेश प्रदेशको धनुषाबाट सबैभन्दा बढी युवाहरु विदेशिएका छन्। त्यस्तै मधेश प्रदेशको सिरहा, महोत्तरी, सर्लाही र सप्तरीबाट पनि अत्यधिक युवाहरु विदेशिएका छन्।



मधेश प्रदेशपछि कोशी प्रदेशको सुनसरी, मोरंग र झापाबाट युवाहरु विदेशिएका छन् भने लुम्बिनी प्रदेशको रुपन्देही र दांगबाट युवाहरु कामका लागि वैदेशिक रोजगारीमा बाहिरिएका छन्।

वैदेशिक रोजगारीका लागि जानेमा धनुषा जिल्लापछि क्रमशः झापा, मोरंग, सिरहा, महोत्तरी, सुनसनरी, सर्लाही, रुपन्देही, सप्तरी र दांगका युवाहरुको संख्या उल्लेखनीय रहेको तथ्यांकले देखाएको छ।

विभागका अनुसार नयाँ र पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या बढ्दै गएको छ । उक्त संख्या अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा क्रमिक रुपमा बढी छ। गत आर्थिक वर्षमा ६ लाख ५६ हजार ६१० जना विदेशिएका थिए।


विभागका अनुसार साउन २०८० मा काम खोज्दै ५५ हजार ५ सय ७५ विदेशिएकोमा पुसमा ६५ हजार ८ सय १३ नेपालीले नयाँ श्रम स्वीकृति लिएका थिए।

विदेशिनेमध्ये ९४ हजार ४५५ जना महिला छन् भने ७ लाख ४४ हजार ८११ जना पुरुष रहेका छन्।

गत आर्थिक वर्षमा विदेशिएका करिब साढे ३ लाख नेपालीमध्ये सबैभन्दा धेरै युनाइटेड अरब इमिरेट्स (यूएई) गएका छन्। उक्त अवधिमा ८४ हजार ८ सय ५५ नेपाली काम खोज्दै विदेशिएको विभागको तथ्यांक छ।

वैदेशिक कामको लागि मुख्य गन्तव्यको रुपमा यूएई, साउदी अरब, कतार, कुवेत, बहराइन र ओमन रहेको विभागको तथ्यांकमा जनाइएको छ। गत वर्षको तुलनामा महिलाहरु पनि वैदेशिक रोजागरका लागि काममा जाने क्रम बढ्ने गरेको विभागको तथ्यांकमा उल्लेख छ।

०८१/०८२ मा २ लाख ४१ हजार ७७६ जना पुरुष र ३२ हजार ८१४ जना महिला गरी २ लाख ७४ हजार ५९० जना वैदेशिक रोजागरीका लागि यूएईमा गएका छन्। त्यसपछि




साउदी अरबमा १ लाख ५१ हजार ८७० पुरुष र ६८७ जना महिला गरी १ लाख ५२ हजार ५५७ जना कामका लागि गएका छन् । त्यस्तै कतारमा १ लाख ३० हजार २१८ जना पुरुष र १० हजार ५७४ जना महिला गरी १ लाख ४० हजार ७९२ जना विदेशिएका छन्।

कुवेतमा ४६ हजार २०६ जना पुरुष र १२ हजार ८५९ महिला गरी १ लाख ४० हजार ७९२ जना गरी ५९ हजार ६५ जना नेपाली कामका लागि विदेशिएका छन्।

वैदेशिक कामका लागि बहराइनमा ९ हजार ८८० जना पुरुष र १ हजार ७४४ जना महिला गरी ११ हजार ६२४ जना नेपाली गएका छन्।

त्यस्तै ओमनमा ६ हजार ८७२ जना पुरुष र १ हजार ७२९ जना महिला गरी ८ हजार ६०१ जना विदेशिएका छन्।

मंसिरमा मात्र १८ हजार ४ सय ९३ नेपाली यूएई पुगेका थिए। पुसमा यूएई जाने नेपाली १६ हजार ३ सय ८५ छन् । पुसमा साउदी जाने छन्। यो मुलुकमा १४ हजार ३ सय ७ पुगेका छन् । कतारमा १४ हजार १८ पुगेको विभागको तथ्यांक छ।


गत वर्षदेखि मलेसियामा नेपाली कामदार संख्या निरन्तर घट्ने क्रम जारी वैदेशिक रोजगारीमा गएका कामदारको पक्षमा कार्यरत्त रहेका संस्था राष्ट्र निर्माण मञ्चका प्रतिनिधि प्रज्वल बास्टाकोटीले जानकारी दिए।

विभागको तथ्यांकअनुसार पछिल्ला वर्ष युरोपलाई समेत धेरै नेपालीले आफ्नो रोजगारीको गन्तव्य बनाउन थालेका छन् । वैदेशिक रोजगार व्यवसायी यसरी जानेले बढी आम्दानी, सुरक्षित काम र दीर्घकालीन रोजगारीजस्ता कारण युरोपलाई गन्तव्य बनाउन थालेको बताइन्छ।

वैदेशिक रोजगारीमा जानेहरुका लागि नयाँ गन्तव्यको रुपमा रोमानिया, क्रोएसिया, साइप्रस, माल्टा, पोल्याण्ड, सर्बिया, बेलायत, स्लोभाकिया र टर्कीमा समेत नेपालीहरु कामको खोजीमा पुगेका छन्।

वैदेशिक रोजगारको क्रममा नेपालीहरुको मृत्यु निरन्तर बढी नै रहेको छ।

आर्थिक वर्ष ०८१/०८२ मा १ हजार ५४४ जनाको मृत्यु भएको छ भने गत आर्थिक वर्षमा १ हजार ३४६ जनाको मृत्यु भएको विभागको तथ्यांकले देखाएको छ । प्रत्येक वर्ष १ सयको हाराहारीमा मृत्यु हुने कामदारको संख्या बढ्ने गरेको छ।



# वीरगञ्ज भन्सारद्वारा पाँच महिनामा ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन गरेको छ।

कार्यालयले गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु १२ अर्ब एक करोडअर्थात् १४ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो । जबकी कार्यालयले गत आवको पाँच महिनामा भने रु ८४ अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको थियो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको पाँच महिनामा राजस्व सङ्कलन उत्साहजनक रहेको बताउनुभयो। "कार्यालयले मङ्सिर महिनामा रु २१ अर्ब ३३ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, कार्यालयले सो महिनामा मात्रै लक्ष्यको ९८ प्रतिशतअर्थात् रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको छ।"

प्रमुख भन्सार प्रशासक ज्ञवालीले चालु आवको पाँच महिनामध्ये सबैभन्दा धेरै राजस्व पनि मङ्सिर महिनामा सङ्कलन भएको बताउनुभयो । साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोज महिनामा रु १९ अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो । त्यस्तै कात्तिक महिनामा रु १७ अर्ब ३३ करोड र मङ्सिर महिनामा भने रु २० अर्ब ८० करोड राजस्व सङ्कलन भएको छ । भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयालाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । हालसम्मको पाँच महिनामा वार्षिक लक्ष्यको ८७ प्रतिशत राजस्व सङ्कलन भएको छ ।रासस

# स्याङ्बोको हत्या गरिएको दाबी

**टुडे समाचारदाता**

पर्सा । गएको मंसिर २७ गते पर्साको वीरगन्ज पुरानो बसपार्कस्थित त्रिशाला होटलमा मृत फेला परेकी होटलकी कर्मचारी सुनिता स्याङ्बोको मृत्युको घटनाको छानबिन तथा दोषीलाई कारबाहीको माग गर्दै उनका आफन्त तथा स्थानीयले प्रदर्शनमा उत्रेका छन् ।

पर्सागढी नगरपालिका-३ झबराहाकी २१ वर्षीया स्याङ्बोका आफन्त र गाउँलेले घटनाको छानबिन तथा दोषीलाई कारबाहीको माग गर्दै वीरगन्जमा नाराबाजीसहित प्रदर्शन गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालय अगाडिबाट नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय पुगेका प्रदर्शनकारीहरूले प्रशासन कार्यालयको मूल ढोका बन्द देखेपछि त्यहाँबाट फर्किएर जिल्ला प्रहरी कार्यालय अगाडि लालबंगलाको खाली जग्गामा भेला भएर प्रदर्शन तथा नाराबाजी गरेका थिए । सुनिताको शवको प्रकृति हेर्दा घाँटी थिचेर हत्या गरिएको दाबी आफन्तजनले गर्दै आएको छ ।

पर्सा प्रहरीका प्रवक्ता डीएसपी राजु कार्कीले अनुसन्धानको क्रममा होटलमा कार्यरत तीन जनालाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको बताउँदै मृतकका आफन्तसँग छलफल भइरहेको बताएका छन् । आफन्तजनकै माग अनुसार विशेष चेकजाँचका लागि मृतक युवतीको शव परीक्षणका लागि शिक्षण अस्पताल महाराजगञ्ज, काठमाडौं पठाइएको डीएसपी कार्कीले बताए ।



# विकासे बजेट ५ प्रतिशत मात्र खर्च

**टुडे समाचारदाता**

पर्सा । चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा पर्सा जिल्लाको विकास बजेटमध्ये कुल ५ प्रतिशत खर्च भएको छ।

चालु आर्थिक वर्षमा जिल्लाको कुल विकास बजेट ३ अर्ब ८७ करोड १८ लाख ९३ हजार रुपैयाँ रहेकोमा मंसिर मसान्तसम्म जम्मा १९ करोड ३९ लाख २४ हजार ९ सय २५ रुपैयाँ ३० पैसा मात्र खर्च हुन सकेको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साको तथ्यांक अनुसार संघीय सरकार मातहतका विकास निर्माणसँग सम्बन्धित मुख्य दुई कार्यालय–सघन सहरी भवन निर्माण आयोजना र खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पर्साले बजेट खर्च गर्न नपाउँदा जिल्लाको समग्र विकास बजेट खर्च न्यून भएको हो।



प्रमुख कोष नियन्त्रक मनोज जोशीका अनुसार सघन सहरी भवन निर्माण आयोजना कार्यालय वीरगन्जको बजेट २ अर्ब १३ करोड ८३ लाख ४२ हजार रुपैयाँ रहे पनि मंसिर मसान्तसम्म यो कार्यालयले ५ करोड २२ लाख ५६ हजार रुपैयाँ मात्र खर्च गरेको छ।

त्यसैगरी, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पर्साको बजेट ८६ करोड ६४ लाख १० हजार रुपैयाँ रहेकोमा ४ करोड ७६ लाख २१ हजार रुपैयाँ मात्र खर्च हुन भएको छ । संघीय अर्थ मन्त्रालयबाटै बजेट रोक्का गरिएकाले मन्त्रालयबाट फुकुवा नभएसम्म यी कार्यालयले बजेट खर्च गर्न नसक्ने अवस्था रहेको उनले बताए।

जिल्लाका विकास निर्माणसँग सम्बन्धित अन्य कार्यालयहरूको बजेट तुलनात्मक रूपमा कम रहेकाले ठूलो बजेट भएका यी दुई कार्यालयले बजेट परिचालन गर्न नसकेसम्म जिल्लाको कुल पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन नसक्ने अवस्था देखिएको छ।

# खानेपानीको सङ्कट झेल्दै चुरेफेदका मेनहर्वावासी

सिरहा । लहान नगरपालिका-१५ स्थित मेनहर्वा बस्तीका स्थानीय लामो समयदेखि खानेपानीको सङ्कट झेल्दै आएका छन् । चुरेफेदको विकट क्षेत्र मानिने यस बस्तीमा भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई दैनिक जीवनयापनमै कठिनाइ भइरहेको छ।

करिब ३५ दलित घरपरिवार रहेको यस बस्तीका बासिन्दा वाषिक झण्डै छ महिना टाढाटाढाबाट घण्टौं लगाएर पानी बोक्न बाध्य छन् । स्थानीयका अनुसार बस्तीको खानेपानी समस्यालाई मध्यनजर गर्दै गाडिएको डिप बोरिङबाट करिब चार वर्षसम्म पानी आएको थियो । तर अघिल्लो वर्षदेखि उक्त बोरिङ पूर्ण रूपमा सुकिसकेको छ। बस्तीका मोहन सदायले डिप बोरिङ सुक्दा आफूहरुको जीवन नै अस्तव्यस्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अघिल्लो वर्षदेखि डिप बोरिङबाट पानी आउन छोड्यो। अहिले घण्टौं लगाएर बानो गाउँको खोलामा खनिएको कुवाबाट पानी बोकेर खानुपरेको छ। मानिस र वस्तुभाउ दुवैले त्यही पानी



प्रयोग गर्दै आएका छौं।"

विनिता सदायले विगत चार-पाँच वर्षदेखि चापाकलसमेत सुक्दा खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गर्नुभयो । "पानी नभएकै कारण सरसफाइमा पनि समस्या छ । नुहाउन, कपडा धुन र खान सबैका लागि एउटै कुवाको पानी प्रयोग गर्नुपरेको छ," उहाँले भन्नुभयो।

आर्थिक रूपमा कमजोर र सुकुम्वासीले भरिएको यस दलित बस्तीमा आव २०७९/८० मा 'विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम' अन्तर्गत घर निर्माण गरिएको थियो । लहान नगरपालिकाबाट रु ४५ लाख ५१ हजार र हिल्टी फाउण्डेसनको सहयोगमा 'ह्याबिट्याट फर ह्युमानिटी' नेपालमार्फत रु ४४ लाखको लागतमा २२ वटा जस्तापाताका घर निर्माण गरिएका थिए।

"घर त बन्यो, तर खानेपानीको व्यवस्था भएन", ७० वर्षीया जलेश्वरी सदायले दुःखेसो पोख्नुभयो । वडाध्यक्ष तेजनारायण चौधरीले मेनहर्वावासीको खानेपानी समस्या समाधानका लागि नगरपालिकामा पहल भइरहेको जानकारी दिनुभयो। जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका कुँवा, इनार र खोलाहरू सुक्दै गएकाले यो समस्या स्थानीय तह मात्र नभएर राष्ट्रिय चुनौती बन्दै गएको उहाँको भनाइ छ।

पछिल्लो समय चुरे क्षेत्रमा पानीको सतह गहिरिँदै जाँदा ठूला डिप बोरिङसमेत असफल भइरहेकाले यसको विकल्पबारे योजना बनाउनुपर्ने विज्ञहरू बताउँछन्।

वातावरणविद् दिनेश यादव भन्नुहुन्छ, "डिप बोरिङ खानेपानी समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा विभिन्न ठाउँका अभ्यासले प्रमाणित गरिसकेको छ। त्यसैले चुरे संरक्षणसँगै वन व्यवस्थापन, जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन।"रासस

# बैंक कर्मचारी कुटने दुईजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको सप्तकोशी नगरपालिका ७ ओदाहामा योति विकास बैंकका कर्मचारीलाई बन्धक बनाएर कुटपिट गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तकोशी नगरपालिकाकी उपमेयर रिताकुमारी चौधरीका श्रीमान् सञ्जिवकुमार चौधरी र अर्का एक



व्यक्ति उमाकान्त चौधरी रहेका प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार 'सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रालि' का सेयरधनी ५२ वर्षीय सञ्जिवकुमार चौधरी (उपमेयरका श्रीमान) र अग्निसाइर कृष्णसवरण गाउँपालिका वडा नं. १ का ४७ वर्षीय उमाकान्त चौधरीलाई मंगलबार नियन्त्रणमा लिइएको हो। उनीहरूविरुद्ध अपमानजनक व्यवहार गर्न नहुने, शरीर बन्धक बनाउने तथा ज्यान मार्ने उद्योगसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको सप्तरीले प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी डीएसपी डम्बर पुरीका अनुसार जिल्ला अदालत सप्तरीबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ। घटनामा संलग्न भएको आरोप लागेका उपमेयर रिताकुमारी चौधरी, उनका छोरा सिरज चौधरी तथा फार्मका अन्य सेयरधनीहरू प्रभुनारायण चौधरी, पञ्चदेव चौधरी र रवीन्द्र स्वर्णकार भने फरार रहेका छन्।

गत बुधबार ज्योति विकास बैंकको ऋण असुली सम्बन्धी संवादका लागि बैंकको प्रादेशिक कार्यालयका उपप्रबन्धक एवं कर्जा असुली प्रमुख सुमित श्रेष्ठ र रुपनी शाखाका कर्जा असुली अधिकृत सविन श्रेष्ठ सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म पुगेका थिए। सो क्रममा उनीहरूलाई फार्मका सञ्चालक समूहले जबर्जस्ती बन्धक बनाएको, मोसो दलेको, जुत्ताको माला लगाइदिएको र कुटपिट गरेको आरोप छ।


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०१/२६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : मनिषा कुमारी**
**सिम्बोल नं.:** २१८०१८९६
**रजिष्ट्रेशन नं.:** ७६१८२६०५९
**ठेगाना: बलवा न.पा.-१०, लेउरी, महोत्तरी**
**मो.नं.** ९८१२१५१२५४


# वित्तीय संघीयता कार्यान्वयन सुदृढ गर्न एडिबीको सहयोग

काठमाण्डु । नेपालमा वित्तीय सङ्घीयता कार्यान्वयन, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा तीनवटै तहका सरकारमा बजेट प्रणाली सुधारका लागि एसियाली विकास बैंक (एडिबी) ले १० करोड अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण सहयोग प्रदान गर्ने भएको छ । सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमअन्तर्गतको उपकार्यक्रम-२ का लागि यो ऋण उपलब्ध गराउन लागिएको हो।

अर्थ मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा अर्थसचिव डा घनश्याम उपाध्याय र एसियाली विकास बैंकका नेपालस्थित देशीय निर्देशक आर्नो कोस्वाबीच ऋण सम्झौतामा हस्ताक्षर भएको हो । एडिबीले नीतिमा आधारित ऋणका रूपमा प्रदान गर्ने उक्त रकम बजेटरी सपोर्टका रूपमा नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।सम्झौताअनुसार ऋणको भुक्तानी अवधि २४ वर्षको हुनेछ भने आठ वर्षको ग्रेस अवधि रहनेछ। सन् २०३४ फेब्रुअरी १ तारिखसम्म ग्रेस अवधिमा ब्याजदर एक प्रतिशत र त्यसपछि एक दशमलव पाँच प्रतिशत रहने व्यवस्था गरिएको छ।

सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमलाई सङ्घीयतासँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै अर्थसचिव डा उपाध्यायले बलियो वित्तीय व्यवस्थापन प्रणाली निर्माण सरकारको मुख्य लक्ष्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो कार्यक्रम सङ्घीय संरचनाअनुसार तीनवटै तहका सरकारको बजेट निर्माण, कार्यान्वयन र नतिजामूलक व्यवस्थापन सुधारमा केन्द्रित छ । यसबाट समग्र बजेट प्रक्रिया सुधार भई सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्नेछ।"




उक्त कार्यक्रममार्फत सार्वजनिक खरिद प्रणाली सुधार, वित्तीय अनुशासन प्रवर्द्धन, राजस्व सकलन, क्षमता अभिवृद्धि तथा स्थानीय तहलाई थप सक्षम बनाउँदै समावेशी र नतिजामुखी विकासलाई अघि बढाउने अपेक्षा गरिएको छ।

कार्यक्रमबारे जानकारी दिँदै एडिबीका देशीय निर्देशक कोस्वाले यो सहुलियतपूर्ण ऋण नेपालको वित्तीय शासन सुधारमा केन्द्रित रहने बताउनुभयो। उहाँका अनुसार सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित कानुनी, संस्थागत तथा प्राविधिक सुधारमा सहकार्य गर्दै सबै तहका सरकारका लागि स्रोत योजना प्रणाली, सार्वजनिक संस्थान सूचना व्यवस्थापन प्रणाली निर्माण, मध्यमकालीन खर्च संरचना विकास तथा प्रविधिमैत्री कर प्रणाली निर्माणमा ऋण रकम प्रयोग गरिनेछ।

उहाँले भन्नुभयो, "यो कार्यक्रममार्फत वित्तीय दिगोपना सुनिश्चित गर्नुका साथै राजस्व प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । साथै सम्भावित वित्तीय जोखिम व्यवस्थापनमा सहयोग पुग्नेछ । यसले नेपालको समग्र अर्थतन्त्र सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | परिवारको सहयोग र मार्गदर्शनले महत्वपूर्ण कार्यहरुमा प्रगति प्राप्त हुनेछ। |
| वृष : | तपाईको कडा परिश्रम र प्रयासको फलस्वरुप प्रतिष्ठा र सम्मान प्राप्त हुनेछ। |
| मिथुन : | आम्दानीका स्रोतहरु बढ्नेछन् र आर्थिक स्थिति बलियो हुनेछ। |
| कर्कट : | रमाइलो यात्रा र नयाँ अनुभवहरुको अवसर प्राप्त गर्न सकिन्छ। |
| सिंह : | प्रारम्भमा केही खर्च लागे पनि तपाईको योजनाबद्ध काम सफल हुनेछन्। |
| कन्या : | तपाईलाई प्रशस्त अवसर मिल्नेछन्। |
| तुला : | पैत्रिक सम्पत्ति र संसाधनहरुको प्रयोग गरेर थप फाइदा उठाउन सकिनेछ। |
| वृश्चिक : | विगतका कमेजारीलाई सुधार्नका लागि यो समय उपयुक्त छ। |
| धनु : | समुदायका लागि गरिएको कामले तपाईलाई सम्मान दिलाउनेछ। |
| मकर : | सामान्य कामबाट पनि राम्रो लाभ उठाउन सकिनेछ। |
| कुम्भ: | अध्ययन र शिक्षामा तपाईको प्रगति हुने समय आएको छ। |
| मीन : | व्यापार व्यवसायमा फाइदा हुने योग छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको छिनमस्ता भगवती मन्दिरमा महाआरती ।

*तस्बिर : अमरेन्द्र कुमार यादव*

# रामुपाका क्षेत्रिय संयोजकमा नेता झा चयन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति पार्टी (रामुपा)का केन्द्रीय सदस्य दीपककुमार झालाई धनुषा निर्वाचन क्षेत्र नम्वर ३ को क्षेत्रिय संयोजक चयन गरिएको छ । बुधबार जनकपुरधाममा सम्पन्न एक भेलावाट नेता झालाई क्षेत्रिय अध्यक्षको जिम्मेवारी समेत दिइएको जनाइएको छ ।



पार्टीका धनुषा जिल्ला सचिव कृष्णकुमार साहको अध्यक्षतामा बुधबार सम्पन्न सो भेलावाट नेता झालाई क्षेत्रिय संयोजक चयन गर्दै कार्यसमिति विस्तार समेत गर्ने जिम्मेवारी नेता झालाई नै दिइएको छ । आसन्न प्रतिनिधि सभाको निर्वाचनमा पार्टीलाई धनुषा ३ मा बलियो उपस्थिति दर्ज गराउनमा उनी महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भन्दै केन्द्रीय सदस्य झालाई धनुषा ३ को क्षेत्रिय संयोजक तोकिएको पार्टीका नेता कार्यकर्ताले बताएका छन् ।

नेता झा धनुषा ३ लाई राम्रो संग बुझेको, जनतामा उनी प्रतिको झुकाव बढी रहेको भन्दै पार्टीले मुल्याङ्कन गर्दै उनलाई क्षेत्रको समेत जिम्मेवारी दिइएको छ ।

नेता झा जिल्ला समन्वय समतिका पूर्व उप-सभापति समेत रहि सकेका छन् । मधेशको राजनीतिमा धनुषा ३ लाई महत्वपूर्ण क्षेत्र मानिएका कारण पार्टीले यहाँ जनता संग घुलमिल गर्न सक्ने, जनताको समस्या समाधानमा सहयोग गर्न सक्ने जस्ता नेताको खोजि गर्दै आएका थिए । नेता झालाई क्षेत्रिय सभापति चयन गरिए पछि धनुषा ३ को स्थानीय नेता कार्यकर्ताले पार्टीको निर्णयलाई स्वागत गरेका छन् ।

सो क्षेत्रिय भेलामा पार्टीका केन्द्रीय उपाध्यक्ष डा राजिव झा, केन्द्रीय सचिव संजय चौधरी, अनुशासन समितिको अध्यक्ष संजय सिंह, केन्द्रीय सदस्य दीपक यादव, नगराइन नगरपालिकाका अध्यक्ष रामजीवन साह लगायत सयौं व्यक्तिको उपस्थिति रहेको थियो ।

# सिरहामा सशस्त्र प्रहरीको नवनिर्मित ब्यारेक भवनको उद्घाटन



सिरहा । यहाँको सिरहा नगरपालिका-१९ सन्हैठास्थित सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाको परिसरभित्र नवनिर्मित दुई तले ब्यारेक भवनको उद्घाटन गरिएको छ । सशस्त्र प्रहरी बल मधेश प्रदेश प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक कृष्ण ढकालले बुधबार एक समारोहबीच उक्त भवनको उद्घाटन गर्नुभएको हो ।

सो अवसरमा सशस्त्र प्रहरी ढकालले शान्ति र सुरक्षाप्रतिको जिम्मेवारीलाई आत्मसात् गर्दै राज्यको निर्देशन अक्षरशः पालन गर्न सुरक्षाकर्मीलाई निर्देशन दिनुभयो । सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि कडाइका साथ निगरानी बढाउन तथा नागरिकको जिउधनको रक्षा गर्न दिनरात क्रियाशील रहनुपर्ने उहाँको भनाइ थियो ।

वर्तमान सुरक्षा अवस्था संवेदनशील रहेको उल्लेख गर्दै सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले जेनजी आन्दोलनपछिको अवस्थामा सुरक्षाकर्मीको जिम्मेवारी थपिएको बताउनुभयो । उहाँले शान्ति सुरक्षा कायम राख्दै आगामी निर्वाचनका लागि तयारीमा जुट्न पनि निर्देशन दिनुभयो ।

सीमा सुरक्षा मुख्य प्राथमिकता भएको भन्दै उहाँले अवैध आवतजावत, लागुऔषध, मानव तस्करी तथा चोरी तस्करी नियन्त्रणमा थप सक्रियता देखाउन आग्रह गर्नुभयो । "राज्यका सबै सुरक्षा निकायले हातेमालो गरेर अघि बढ्नुपर्छ, जनताले तिरेको करबाट बनेको भवनको सदुपयोग गर्दै अझ जिम्मेवार भएर शान्ति सुरक्षा कायम राख्नुपर्छ," सशस्त्र प्रहरी नायब महानिरीक्षक ढकालले भन्नुभयो ।

सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीका अनुसार ब्यारेक भवन दुई चरणमा निर्माण गरिएको हो । पहिलो चरणमा रु ६१ लाख ७७ हजार र दोस्रो चरणमा रु ५४ लाख ६ हजार लागतमा भवन निर्माण भएको हो । नवनिर्मित भवन आवासीय प्रयोजनका लागि प्रयोग गरिनेछ ।

यसैगरी, बुधबारै नवराजपुर गाउँपालिका-४ नवराजपुरमा सशस्त्र प्रहरी बलको बिओपी कार्यालयको पनि उद्घाटन गरिएको छ । उक्त बिओपी कार्यालय रु ३९ लाख ७० हजार लागतमा निर्माण गरिएको सशस्त्र प्रहरी उपरीक्षक भण्डारीले जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेश महतोले नवनिर्मित संरचनाले सञ्चालनमा आएपछि सीमामा हुने सुरक्षात्मक गतिविधि अझ प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उद्घाटन कार्यक्रममा औरही गाउँपालिका अध्यक्ष शिवजी यादव, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलसहित जिल्लास्थित चारवटै सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

सिरहाको भारतसँग जोडिएको ४६ किलोमिटर सिमानामा सशस्त्र प्रहरी बल नेपाल नं ७ गण अन्तर्गत दुई सीमा सुरक्षा गुल्म र पाँच बिओपी गरी सातवटा युनिट सिमानामा रहेका छन् भने पाँच सुरक्षा वेश र जिल्ला सदरमुकाम सुरक्षा वेश एउटा गरी जम्मा १३ वटा कार्यालय रहेका छन् ।रासस

# जापान सरकारद्वारा धनुषामा दुई विद्यालय भवन निर्माण

जनकपुरधाम । जापान सरकारको आर्थिक सहयोगमा धनुषामा दुई वटा सामुदायिक विद्यालयको भूकम्प प्रतिरोधात्मक एवं सुविधासम्पन्न भवन निर्माण भएको छ । प्लान इन्टनेसनल नेपाल तथा आसमान नेपालको सहकार्यमा सञ्चालित शिक्षा परियोजनाअन्तर्गत सो विद्यालयको भवन निर्माण गरिएको हो ।

विदेह नगरपालिका-५ स्थित आधारभूत विद्यालय मुडिवामा रु ९४ लाख तथा जनकनन्दिनी गाउँपालिका-१ स्थित शङ्कर माध्यमिक विद्यालयमा रु एक करोड २५ लाखको लागतमा विद्यालय भवन निर्माण गरिएको परियोजना कार्यालयले जनाएको छ ।

दुवै विद्यालयका भवन अपाङ्गमैत्री दुई तल्लाको चार/चार वटा कोठासहित पाँच/पाँच वटा शौचालय तथा स्वच्छ खानेपानी ट्याङ्की र धार ासहित निर्माण गरिएको प्लान नेपालका पूर्वाञ्चल क्षेत्रीय प्रमुख रविशङ्कर पण्डितले जानकारी दिनुभयो । ती विद्यालयका भवन जीर्ण हुनुका साथै बालबालिकाको पठनपाठनमा समस्या भएकाले



सुविधासम्पन्न भवन निर्माण गरी विद्यालयलाई हस्तान्तरण गरिएको उहाँले जानकारी दिनुभयो ।

नवनिर्मित विद्यालय भवनको जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलको नेतृत्व, उपप्रमुख सङ्गीता ठाकुरको सहभागितासहित सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिको टोलीले निरीक्षण गरेको छ । निरीक्षणपश्चात् प्लान इन्टरनेसनलको जिल्ला परियोजना सल्लाहकार समितिको बैठक बसेको थियो ।

बैठकमा प्लानका पूर्वाञ्चल क्षेत्रीय प्रमुख पण्डित र आसमान नेपालका सञ्जय पासवानले यी दुई संस्थाले बालबालिका तथा लैङ्गिक समानता र भौतिक पूर्वाधारसम्बन्धी गरेको कार्य तथा प्रगति, त्यसको उपलब्धिबारे जानकारी दिनुभएको थियो । बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले नेपाल सरकारको उद्देश्य तथा लक्ष्यलाई पूरा गर्न गैरसरकारी संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेर सहयोग गरिरहेका उल्लेख गर्दै यस्ता गैरसरकारी संस्थाहरूले थप प्रभावकारी कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला समन्वय समितिका प्रमुख मण्डलले गैरसरकारी संस्थाहरूले पालिकासँगको समन्वयमा शिक्षा, स्वास्थ्य, सरसफाइ तथा चेतनामूलक कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो । प्लान इन्टर नेसनल नेपालले सन् १९७८ देखि नेपालमा सामाजिक तथा सचेतनाका क्षेत्रमा काम गर्दै आएको छ । हाल आफ्ना साझेदार संस्थामार्फत मधेस प्रदेशको चार जिल्लासहित १३ जिल्लामा कार्य गर्दै आएको छ ।

सो संस्थाले धनुषाको विदेह नगरपालिका, जनकनन्दिनी गाउँपालिका, सहिद नगरपालिका, कमला नगरपालिका र सवैला नगरपालिकामा लैङ्गिक समानता तथा भौतिक पूर्वाधार निर्माणसम्बन्धी विभिन्न कार्य गर्दै आएको छ । हाल नेपालमा सो संस्थाको लैङ्गिक समानतातर्फ प्रत्यक्ष रूपमा सात लाख र अप्रत्यक्ष रूपमा १५ लाख बालबालिका र किशोरकिशोरी एवं महिलालाई लाभान्वित गर्नेगरी योजनाबद्ध काम गरिरहेको क्षेत्रीय प्रमुख पण्डितले जानकारी दिनुभयो ।रासस

# महोत्तरीमा पुस ४ देखि एक महिने नि:शुल्क बृहत् स्वास्थ्य शिविर आयोजना हुँदै

जलेश्वर । महोत्तरीमा यही पुस ४ गतेदेखि एक महिने परिवार व्यवस्थापन स्वास्थ्य शिविर ( स्थायी बन्ध्याकरण शिविर) सुरुआत हुने भएको छ । जिल्ला स्वास्थ्य कार्यालयद्वारा सुनौलो परिवार नेपालको आर्थिक एवं प्राविधिक सहयोगमा सञ्चालन हुने सो निःशुल्क शिविरमा जिल्लाका १५ वटै पालिकाका विभिन्न ११ स्थानमा सञ्चालन हुनेछ ।



स्वास्थ्य तथा जनस_या मन्त्रालयले पछिल्लो समय परिवार व्यवस्थापन सेवाअन्तर्गत विशेष गरेर बृहत् स्वास्थ्य शिविर सञ्चालनमा सेवा प्रदायक संस्थाहरुसँग थप सहकार्य र साझेदारीलाई समन्वयात्मक नीति लिएको छ । यसबाट परिवार व्यवस्थापन सेवा थप प्रभावकारी भएको जनाइएको छ । मन्त्रालयले परिवार व्यवस्थापनको घरदैलो सेवासमेत उपलब्ध गराउँदै आएको छ ।

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयले पालिका तहसँग समन्वय गर्दै आफ्ना संयन्त्रमार्फत आवश्यक सेवाग्राही पहिचान गर्ने र परिवार व्यवस्थापन सेवा प्रदान गर्ने निकायले सेवाग्राहीलाई पायक पर्ने स्थानमै बन्ध्याकरण शिविर आयोजना गर्ने समझदारीको ढाँचामा सेवा प्रदान गर्न थालिएको छ । कार्यालयका प्रमुख नवलकिशोर साहले बृहत् स्वास्थ्य शिविरमा सन्तानका इच्छा पूरा भएका महिला, पुरुषहरुले स्थायी बन्ध्याकरण गराउन सकिने एवं परिवार व्यवस्थापनका अन्य सेवा लिन सकिने जानकारी दिनुभयो ।

शिविरका 'फोकल पर्सन' सृजना यादवले शिविरमा महिलाहरुका लागि मिनील्याप र पुरुषको लागि 'भ्याक्सेटोमी सर्जरी'सहित आइयुसिडी र इम्प्लान्टको सेवासमेत प्रदान गरिने बताउनुभयो । शिविरमा जिल्लाका १० नगरपालिकासहित पाँच गाउँपालिकाका ८७४ जनालाई स्थायी बन्ध्याकरणका सेवा उपलब्ध गराइने लक्ष्य रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । शिविर यही पुस ४ गते जिल्लाको गौशाला नगरपालिकाको गौशाला अस्पतालबाट सुरु हुनेछ ।

यसैगरी स्वास्थ्य शिविर यही पुस ४ र ५ गते गौशालामा सञ्चालन हुनेछ भने ७ र ८ गते बर्दिवास नगरपालिकाको बर्दिवास अस्पताल, १० र ११ गते औरही नगरपालिकाको औरही अस्पतालमा सञ्चालन हुने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।रासस

# मधेश प्रदेशमा आत्महत्याको घटना डरलाग्दो रूपमा बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा आत्महत्याका घटना डरलाग्दो रूपमा बढ्दै गएको देखिएको छ। मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार प्रदेशमा दैनिक ३ देखि ४ जनाले आत्महत्या गर्ने गरेको पाइएको छ । प्रहरी तथ्यांकले देखाएअनुसार जग्गा-जमिन, केटाकेटीको विषय, पानी निकास, बालीनाली नष्ट गरेको विषयमा महिलाविरुद्ध दर्ता हुने ठाडो उजुरीको संख्या बढ्दो क्रममा रहेको छ । यद्यपि श्रीमानबाट कुटपिट, परस्त्री सम्बन्ध, नागरिकता नबनाइदिएको जस्ता घरेलु हिंसाका उजुरी भने घट्दो क्रममा देखिएका छन् ।




आर्थिक वर्ष २०८२/०८३ को मंसिर मसान्तसम्म मधेश प्रदेशमा ४४० वटा आत्महत्याका मुद्दा दर्ता भएका छन् । जिल्लागत रूपमा सर्लाहीमा सबैभन्दा बढी ६४ र बारामा सबैभन्दा कम ४४ वटा आत्महत्याका मुद्दा दर्ता भएका छन् । सप्तरीमा ४९, सिरहामा ६३, धनुषामा ६०, महोत्तरीमा ५५, रौतहटमा ५६ र पर्सामा ४९ वटा आत्महत्याका घटना दर्ता भएका छन् । प्रदेशको तथ्यांकअनुसार आत्महत्या गर्नेमा महिलाको संख्या उच्च रहेको छ ।

मंसिर मसान्तसम्म १५९ महिला, १५० पुरुष, २६ बालक र १०५ बालिकाले आत्महत्या गरेको प्रहरी तथ्यांकमा उल्लेख छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले आत्महत्याको अवस्था अत्यन्तै चिन्ताजनक रहेको बताए। उनले भने, "प्रत्येक आर्थिक वर्षमा १२ सयदेखि १३ सयसम्म आत्महत्याका घटना हुने गरेको देखिन्छ। यो अत्यन्त डरलाग्दो अवस्था हो । दैनिक रूपमा ३ देखि ४ जनाले आत्महत्या गरिरहेका छन् ।" उनका अनुसार मानसिक स्वास्थ्य समस्या, आर्थिक अभाव, प्रेम सम्बन्धका विवाद तथा सामाजिक सञ्जालका कारण बढ्दो एक्लोपन आत्महत्याका प्रमुख कारण बनेका छन् । आर्थिक वर्ष २०८२/०८३ मा महिला विरुद्ध दर्ता भएका सामाजिक हिंसासम्बन्धी ठाडो उजुरीमध्ये मधेश प्रदेशमा सबैभन्दा बढी सप्तरी जिल्लामा ५६३ निवेदन दर्ता भएका छन् भने सबैभन्दा कम महोत्तरी जिल्लामा १३६ निवेदन दर्ता भएका छन् । अन्य जिल्लाको अवस्था हेर्दा सिरहामा १७८, धनुषामा ३२३, सर्लाहीमा ४२२, रौतहटमा २६८, बारामा ४५४ र पर्सामा ३५२ निवेदन दर्ता भएका छन् । प्रदेशभर कुल २ हजार ६ सय ९६ सामाजिक हिंसाका उजुरी दर्ता भएका छन् । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार सामाजिक हिंसातर्फ ५३ प्रतिशत उजुरी फरछ्योट भएका छन् । जिल्लागत रूपमा सबैभन्दा बढी रौतहटमा ७६ प्रतिशत र सबैभन्दा कम धनुषामा २२ प्रतिशत उजुरी फरछ्योट भएको छ ।

यस्तै घरेलु हिंसातर्फ आर्थिक वर्ष २०८२/०८३ मा मधेश प्रदेशमा कुल १ हजार ८ सय ६ निवेदन दर्ता भएका छन् । जसमध्ये सबैभन्दा बढी बारामा ४०७ र सबैभन्दा कम सप्तरीमा १७ निवेदन दर्ता भएका छन् । अन्य जिल्लामा सिरहामा २१८, धनुषामा २८६, महोत्तरीमा २६१, सर्लाहीमा १०७, रौतहटमा १६३ र पर्सामा ३४७ निवेदन दर्ता भएका छन् ।

घरेलु हिंसाका उजुरीमध्ये ५२ प्रतिशत फरछ्योट भएको प्रहरी कार्यालयले जनाएको छ । सबैभन्दा बढी बारामा ७१ प्रतिशत र सबैभन्दा कम महोत्तरीमा २५ प्रतिशत उजुरी फरछ्योट भएको छ ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कमिसनखोरबाट मधेशलाई जोगाउ

कमिसन, ढिलासुस्ती, भ्रष्टाचार लगायतका कारण बदनाम बनेको मधेश प्रदेशलाई कमिसन खोरबाट जोगाउनु पर्ने भएको छ । मधेश प्रदेशमा राजनीतिक अस्थिरताको जडा पनि कमिसनखोरी नै रहेको छ । सरकारमा मालदार मन्त्रालय हत्याउन सरकार नै ढाल्ने खेल भारतको बिहार राज्यको सुरसण्ड बैठकबाट प्रारम्भ भएको थियो । जनता समाजवादी पार्टी( जसपा) नेपाल संसदीय दलका नेता सरोज कुमार यादवको सरकार ढालेर गैरसंसदीय परम्पराको सुरुवात गर्दै जनमत पार्टी संसदीय दलका नेतालाई सरकारको नेतृत्व नदिइ सांसद सतीश कुमार सिंहको नेतृत्वमा सरकार बनाइएको थियो । सो सरकारको कार्यकालमा भ्रष्टाचार व्यापक मात्र नभइ सबै सीमा समेत पार गरे । बजेट नै विवादित बन्यो । मन्त्रीहरुले मनपरी ढंगले प्रचुर कमिसन आउने शीर्षकहरुमा बजेट राखे । आलोचना हुँदा बजेट नै ह्याक गरिएको गैरजिम्मेवार ढंगले मुख्यमन्त्री सिंहले जवाफ दिएका थिए । उनको कार्यकालको दोस्रो बजेट (चालु आर्थिक वर्ष) पनि दुई किसिमको देखियो । प्रदेश सभामा प्रस्तुत भएको बजेट एउटा र अर्थ मन्त्रालयमा रहेको बजेट फरक देखियो । केही मन्त्रीहरुले बजेटलाई ठोस कार्य गर्न नभइ कमिसन आउने एनजीओ, उपभोक्ता र व्यवसायमुखी शीर्षकमा बजेट विनियोजन गरिएको थियो । भ्रष्टाचार गर्न नियोजित रुपमा नै शीर्षकहरु राखेर विनियोजन गरिएको बजेट चलाउन नपाउँदा तत्कालीन केही मन्त्रीहरु छटपटिएका छन् । मधेश प्रदेश सरकारमा दुई पटक मन्त्री बनेका जनमत पार्टीका बसन्त कुशवाहा तत्कालीन समयका सर्वाधिक अनियमितता र भ्रष्टाचार गर्ने मन्त्री थिए । उनी पहिलो पटक कृषि मन्त्री हुँदा व्यापक भ्रष्टाचार गर्न थालेपछि बिना विभागीय केही महिना राखेर हटाइएको थियो । दोस्रो पटक उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री हुँदा उनले मन्त्रालयको अधिकांश बजेट कमिसन निर्धारण गरी विनियोजन गरे । त्यसका लागि उनले अग्रीम रकम समेत असुल गरेको आरोप छ । सिंह नेतृत्वको सरकार ढलेपछि मन्त्रीबाट हटेका कुशवाहाले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय नपाउँदा सरकारबाट जनमत पार्टी नै अलग्गिने धम्की सामाजिक सञ्जाल मार्फत दिएका छन् । समानुपातिक कोटाबाट सांसद बनेका कुशावाहाले कमिसन लिन एकजना अधिकृत नै तोकेको र कमिसनका लागि पहिले नै मोलजोल गर्थे । त्यस्ता सांसदलाई सरकारमा समावेश गरिए सरकार गन्हाउने छ । कुशवाहाले कमिसन लिएर योजना बनाएका मन्त्रालय अहिले नेकपा एस (नेपाली कम्युनिष्ट पार्टी) को भागमा परेको र युवा सांसद कनिष पटेलले त्यस मन्त्रालयको जिम्मेवारी पाएकाले कुशवाहा छटपटिएका छन् । उनले लिएको कमिसनको रकम फिर्ता गर्नुपर्ने भएकाले अत्तालिएर सरकारलाई नै अस्थिर बनाउने अभिव्यक्ति दिन थालेका छन् । नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादव नेतृत्वको सरकार जनउत्तरदायी बन्नुपर्छ । कमिसनखोरहरुबाट प्रदेशलाई जोगाउनु पर्छ ।

# शिक्षा पद्धतिको कारण संकटमा सन्तती



उपेन्द्र भगत नागवंशी

शिक्षा समाज र राष्ट्रको प्रगतिकालागि मात्र हुँदैन ! व्यक्तित्व विकासको महत्वपूर्ण पाटो पनि हो । तर, हामि कस्तो शिक्षा ग्रहण गरी रहेका छौं अथवा हामिलाई कस्तो शिक्षा दिने काम भइरहेको छ त्यसमा धेरैथोक निर्भर हुन्छ । आधुनिकयुगको शिक्षा प्रणाली हामि मानवलाई खाशगरी हाम्रो नेपाली-मैथिली समाजलाई मानवता, सम्वेदना, संस्कार, व्यवहार, संस्कृति, परम्पराबाट बिमुखपार्ने काम गरी रहेका छन् भन्ने बिचार अवश्य पुर्‍याउनु पर्ने देखिन्छ ।

वैदिककालमा संगठीत रुपमा गुरुहरुद्वारा शिक्षा दिने कार्य हुन्थियो भने दृष्टान्त हामि पाउंछौं । ऋग्वेदमा बालकहरुलाई पढने उपमा दिएका छन् । 'अथर्ववेद'मा ब्रह्मचर्य शिक्षाको महिमा वर्णन छ । साथै विद्या अध्ययनमाथि निकै प्रकाश पारिएको छ । ब्राह्मणहरु घरमा गएर बालकहरुलाई शिक्षा दिन्थिए । कतिपय बालक गुरुको घरमा गएर शिक्षा प्राप्त गर्थिए । वैदिकयुगमा शिक्षाको प्रसार यस प्रकारले थियो । अश्वपति कैकेयले 'हाम्रो साम्राज्यमा कोही अशिक्षित मानिस नै होइन' ! भनेका रहेछन् भन्ने कुरा 'छन्दोग्य उपनिषद्'मा बर्णन गरिएको छ । यसले एउटा कुराको बोध गराउंदछ त्यस बखतको समाजमा एकजनापनि अशिक्षित थिएन । सम्भवतः शतप्रतिशत मानिस शिक्षित मात्र होइन ज्ञानी-गुणि हुन्थियो ।' तर अहिले हाम्रो हिमवत्खण्ड नेपाल देशमा ६७ प्रतिशत मात्र शिक्षित मानिसहरु छन् भने तथ्यांक छ ।

यता जेन्जी आन्दोलन २०८२ भदौं २३-२४गतेपछि पत्रकारितामा पनि म खासै सकृयता नदेखाएर केही खोजी नीतिमै लागें । गाउँ-नगरका चौर,शान्त एकान्त ठाउँहरु चहार्ने काम गरें । त्यसमा के पाए भने आममानिस जुनस्थानमा जान डराउं छन् । त्यस्ता शान्त, एकान्त ठाउँमा लागुऔषध सेवनकर्ताहरुको जमात जम्मा हुने गर्छन् । आंपको बगैचा, पुलमुनि, खेतको आलिमुनि, बांसघारी, जङ्गली ठाउँहरुमा टीनएज युवाहरु बढ़ि जम्मा हुने गर्छन् । उनिहरु लुकीछिपी मज्जा गर्न जाड-रक्सी, गाँजाको चिलम तान्न, भाँग, चुरोट, ट्याबलेट-गोटी खान, प्लाष्टिकमा आगो सल्काएर समेत खाने गर्छन् । उनीहरुलाई केहि भन्न नहुने नत्र उल्टै जाइ लाग्छन् । कतिले यसरी नै औभरडोज लिएर मातिन्छन् र त्यस्तो अवस्थामा कतिले आफ्नो ज्यानको आहुतिपनि दिने गरेको हामि सुन्न पाउंछौ । कतिपय गाउँ-ठाउँमा सुधार केन्द्रहरुपनि सञ्चालनमा आएको छ । गाउँ-गाउँमा रक्सी,वियर वार पसलहरु खुलेका छन् । तराईक्षेत्रका अधिकांश ठाउँ यस्तो छ । अवस्था येस्ता भयावह भइसकेको छ आमा-बाबाले पनि आफ्नो सन्तानलाई भन्ने साहस गर्दैन । अभिभावक सबैथोक जान्दा जान्दैपनि केहि गर्न नभ्याइ रहेको त्यस्तो विवश बनेका छन् । आफ्नो सन्ताको माया हुँदा हुँदैपनि उनिहरु विवस छन् । ती सन्तान अभिभावकको नियन्त्रणमा पटैकै छैन् ।

त्यसैकारण मैले भनेको हुँ 'हामि साक्षर भइरहेका छौं तर विचारवान, नैतिकवान, विद्वान, र कर्त्तव्य बोधक नागरीक नभइ रहेको अवस्थामा आइपुगेका छौं ।'

मूलतः समाजव्यस्थालाई नै अव्यवस्थित पारेर अधिकारबोधी बन्ने बोध हामिलाई हुन्छ तर कर्त्तव्यबोध भने हराउन पुगेका छन् भन्ने कुरा बुझ्नु जरुरी छ । यो निश्चित रुपमा शिक्षा प्रणालीको दोष हो । हाम्रा सेलेवसमा नैतिकशिक्षा, सम्पदाको महत्व, धर्म-संस्कार,कुशल व्यवहार, कर्त्तव्य पालन, ठूलाबडाको मान-सम्मान शत्रुलाईपनि मीत्र बनाउन परम्परागत मूल्य-मान्यतालाई पनि आत्मसाथ गरेर लानुपर्ने कुरा हाम्रो शिक्षाले टाडा पार्न थालेकाले यस्तो भइरहेको ठान्नुपर्छ ।

### कुलतमा पार्ने ठाउँ

कुनैपनि विद्यालयमा चुरोट-बीड़ि कसरी सल्काइन छ । यो भित्र कसरी सूर्ति झाडेर गाँजा हालिन्छ, गाँजा-भाग, अफिम, चरेश, कोकिन आदि जस्ता सस्तो र महंगो मादकपदार्थ खान्छ भन्ने सिखाउँदैन्; तरपनि दशवर्ष नकटदै युवाजमात ती कुराहरु राम्ररी सिख्न पुग्छन् ! कसरी ? प्रश्न याहां निर पो छ ! हाम्रो समाज नै दुषित पार्नेहरु पारिसकेका रहेछन् । यो त्यस्तै भएको होइन । सामाजिक जो संरचना बूढा-पाखाले बनाउनु भएको थियो समाज-व्यवस्थापनको, त्यो संरचना पहिला भत्काउने काम युक्तिसंगत रपमा भयो । आधुनिकताको नाममा, अधिकारको नाममा, कुपर्थाको नाममा परम्परागत मूल्य मान्यतालाई भत्काउने काम योजनबद्ध भयो । यो एउटै माध्यमले घरमा जानुका साथसाथै स-साना शिक्षाका केन्द्रहरुमा सशुल्क र निःशुल्क दूबैप्रकारका शिक्षा प्रणालीको विकास भएकाले त्यसमा मानिस अध्ययन अध्यापन गर्न सामेल हुन्थियो । त्यसबखत वर्तमानका चीन, जापान, तिब्बत, अफगानिस्तान, म्यानमार, इरान, श्रीलंका, थाइल्याण्ड,कोरीया, सिरीयासम्मका विद्यार्थीहरु पढनकालागि नेपाल (त्यसबखतको विदेह गणराज्यको मिथिला राज्यको राजधानीसम्म आउने-जाने र बसेर शिक्षा प्राप्त गरिन्थियो । अहिले अस्तित्वमा नरेपनि जनकपुरधामक्षेत्रमा महोत्तरीका अध्यानपुरमा घना आरण्यबीच अध्ययनको सुन्दर व्यवस्था थियो । धेरै कालको अन्तरमा त्यसैकारण अध्यनपुरबाट गाउँको नाम अध्यानपुर नामाकरण भएको बोध हुन्छ । मटिहानीमा अहिलेपनि जो संस्कृत विद्यालय छ त्यो साढे तिनसय वर्ष पुराणो छ । संसारमा विद्यमान रहेका विद्यालयहरु मध्ये मटिहानीको संस्कृत विद्यालय सबभन्दा पुराणो मध्ये द्रोस्रो स्थानमा पर्दछ । अध्ययनपुर(अध्यानपुर)मा प्राचीन शिक्षाको केहि अवशेष भने शेष छैन् । तरमटिहानीमा द'रुस्त छ । हाल बलवा नगर पालिका अन्तर्गत अध्यानपुर छ ।

### तक्षशिलामा जनकपुरधामका छात्र

> कुनैपनि विद्यालयमा चुरोट–बीड़ि कसरी सल्काइन छ । यो भित्र कसरी सूर्ति झाडेर गाँजा हालिन्छ, चरेश, कोकिन आदि जस्ता सस्तो र महंगो मादकपदार्थ खानु पर्छ भन्ने सिखाउंदैन्; तरपनि दशवर्ष नकटदै युवाजमात ती कुराहरु राम्ररी सिस्न पुग्छन् ! कसरी ? प्रश्न याहां निर पो छ !
> नैतिक शिक्षामा की, सम्पदाको महत्व, धर्म-संस्कार, व्यवहार, कर्तव्य पालन, ठूलाबडाको मान-सम्मान शत्रुलाईपनि मीत्र बनाउन परम्परागत मूल्य-मान्यतालाई आत्मसाथ गरेर लानुपर्ने कुराबाट हाम्रो शिक्षाले टाडा पार्न थालेका छन् । पाठ्यक्रम नेपाली परिवेश सुहाउंदो नभएर विदेशीको युक्तीसार्थक पार्न खालको हुनु । विद्यालय शिक्षाको मन्दिर हुनुपर्ने सो नभएर राजनीतिक आखारा भएको र पठन पाठन दरिलो गुणस्तरीय नहुनुपनि एउटा ठूलै समस्या रहेकोले राष्ट्रको मेरुदण्ड शिक्षा,धरासायी भइरहेका छन् ।

ईशापूर्व ५०० मा विदेह गणराज्यका राजधानी, शिरध्वज जनकको नगरि मिथिलाक्षेत्रका प्रसिद्ध नगर जनकपुरधामबाट तक्षशिलामा विशेष अध्ययनकालागि आठजना छात्रहरु गएका थिए । तक्षशिला वर्तमान पाकिस्तानको रावलपींडि शहरदेखि २८ किलोमीटर डटापर्छ । प्राचीन भारतवर्ष अन्तर्गतनै तक्षशिला रहेको थियो । अहिले सो विद्यालयको खण्डहर रुपि अवशेषहरु मात्र त्याहां छन् । तक्षशिलामा गएका विद्यार्थीहरु मध्ये ६ जनाले ६ वर्ष र २ जनाले आठवर्षको अध्ययन अवधि गुरुहरुको सानिध्यमा रहेर पुरा गरेर फर्केका थिए भने प्रसंग रोचक छ । अध्ययनअवधि समाप्तीपछि दुईजना छात्रको नेतृत्वमा व्यवारिक अनुशिलनकालागि तक्षशिलाबाट एउटा प्रतिनिधि मण्डल जनकपुरीधाम पाल्नु भएको थियो । यी कुरा डा.पी.डी.रगानाथन लीखित 'मध्यदेशका सांस्कृतिक सम्पदा और इसके नायक' नामक पुस्तकमा पाइन्छ । व्यवहारिक अनुशिलनकालागि जनकपुरधाममा आएका टोली राजालयमा बास बसेर परिभ्रमण गरेका थिए । जनकपुरधाम वडा नं.१४को रजौल स्थित पोखरि डिलमा प्राचीन राजालय थियो भन्ने कुराको संकेत प्रा.शिबेन्द्रलाल कर्ण तथा नारायण प्रसाद रिमाल लिखित 'जनकपुरधामका मठ-मन्दिरहरु'नामक पुस्तकमा उल्लेख भएको बाट पनि पुष्टि हुन्छ । वैदिकयुग देखि महाभारतकाल तथा भारतमा हर्षवर्द्धन देखि गुप्तकालसम्म वेद,उपनिषद् पुराण, ब्याकरण, ज्योतिषी, छन्द, दर्शनशास्त्र, कला,धनुर् आदि विद्याको अध्ययन अध्यापन गर्ने गराउने कार्य हुन्थियो । त्यस बखतमा 'परा' र 'अपरा' दुई भागमा विद्या अध्ययन गराने काम हुन्थियो ।

### वर्ण आधारित सार्थक शिक्षा

परा विधान अन्तर्गत आत्मा र परमात्माको ज्ञान छात्रहरुलाई दिने कार्य गूरुहरुबाट हुन्थियो । भने, अपरा विधान अन्तर्गत शेष लौकिक विद्याको ज्ञान आर्जन छात्रहरुले गर्थिए । त्यसकालका गुरुकूलमा विभाजित दूबै विद्याको बारेमा पठन पाठन हुन्थियो तर अपरा विद्याका शिक्षात्मक ज्ञान वर्ण र ब्यवसायको आधारमा दिन्थियो । ब्राह्मणहरुलाई विशेष गरेर धर्म-कर्म र वेद-विधान बारेको ज्ञान दिने काम हुन्थियो । क्षत्रियहरुलाई धनुर्विद्या, युद्ध-रण कुशलता,राजनीतिक शिक्षा तथा अन्य साधारण शिक्षा दिन्थियो । वैश्यहरुलाई बाणिज्य-व्यवसायगत कुराहरुको बारेमा जानकारी दिन्थियो भने कृषि ज्ञानबाट पनि अवगत गराउने शिक्षा दिन्थियो । त्यहीं शुद्रहरुलाई विविध साधारण शिक्षा, हस्तकला सहितका कलात्मक कार्यहरुमा परांगत बनाउने शिक्षा प्रणालीको विकास भएको थियो ।

यसले वर्ण विभाजन अनुसार समाज व्यवस्थापनको माथि दृष्टि राखेर शिक्षा प्रणालीको विकास भएको थियो । जो समाजका सबै थोकमाथि सन्तुलन कायम राख्ने काम हुन्थियो । महिलालाइ पनि शिक्षा आर्जनको व्यवस्था थियो तर महिला-पुरुषसंगै कक्षामा बसेर अध्ययन गर्न पाउने व्यवस्था भने थिएन । यसका केही विकृतिहरुपनि थिए त्यो थियो वर्ण व्यवस्थाका अडम्बरमा कुण्ठित पार्ने केही काम थियो तथापि समाजमा हरेक नागरीक एकसुत्रमा बांधिएका हुन्थिए । राष्ट्र बलियो र सबल नागरिक समाज हुन्थियो, जो अहिलेको बिकसित समाज भएको भएपनि त्यस्तो आत्मियता, दरिलोपना युक्त छैन् । एकआपसमा देखाउने मीत्रता एकथरीका र दुश्मनी साथने खालको मीत्रता हुन्छन त्यस्तो थिएन । संस्कार र व्यवहार कुशल मानिस हुन्थियो ।

### धनअसुलीको माध्यम अहिलेको शिक्षा

अहिलेको स्कूल,कलेजहरुमा पठन-पाठनका माध्यमका नाममा धन असुलीको निकाय भएका छन् । संस्थागत विद्यालयमा पढने होरबाजी र गाउँ गाउँसम्म बस कुदाएर विद्यार्थी लाने धन्धाले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्युन हुँदै जानु स्वाभाविक हो । विद्यालयको व्यवस्थापन समिति राजनीतिक मल्लयुद्धको अखारामा रुपान्त्रित भएको र स्थानीय सरकार मातहत शिक्षा आएपछि झन खस्किदो अवस्थामा विद्यालयहरु पुंगेको अवस्था छ । पाठ्यक्रम नेपाली परिवेश सुहाउंदो नभएर विदेशीको युक्ती सार्थक पार्न खालको हुनु । विद्यालय शिक्षाको मन्दिर हुनुपर्ने सो नभएर राजनीतिक आखारा भएको र पठनपाठन परिवेश सुहाउंदो दरिलो,गुणस्तरीय नहुनुपनि एउटा ठूलै समस्या रहेकोले राष्ट्रको मेरुदण्ड शिक्षा,धरासायी भइरहेका छन् । स्थानीय सरकारले पाठ्यक्रम बनाएर आफ्ना पालिका अधिनका विद्यालयहरुमा लागु गर्न सक्छन् तर तराईका अधिकांश पालिकाहरुले त्यो गर्न अहिलेसम्म भ्याएका छैनन् । येस्तो अवस्थामा संस्कार-विचार कस्तो र कस्ता प्रवृतिको भाविपुस्तामा उत्पन्न हुन्छ आफैमा विचार पुर्‍याउनुपर्ने कुरा हो ।

# के प्रत्यक्ष निर्वाचित कार्यकारी निरङ्कुश नै हुन्छ ?



काजी गुरुङकाजी गुरुङ

पहिलो तथा दोस्रो संविधानसभाको कार्यकालमा नेपालको शासकीय स्वरूप अन्तर्गत प्रत्यक्ष निर्वाचित कार्यकारी कि संसद्बाट निर्वाचित प्रधानमन्त्री भन्ने बारे बहस चर्को रूपमा मुखरित भएको थियो । संविधान सुझाव सम्बन्धी समितिले जनतामा सुझाव लिने क्रममा पनि देशैभरबाट अत्यधिक जनताले प्रत्यक्ष निर्वाचित कार्यकारीका पक्षमा आफ्नो सुझाव जाहेर गरेका थिए । केही समय मत्थर देखिएको यो बहस पछिल्लो जेनजी आन्दोलनसँगै फेरी सतहमा आएको छ । तत्कालीन समयका प्रमुख राजनीतिक शक्तिहरू मध्ये नेकपा (माओवादी) र मधेसवादी दलहरू प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको पक्षमा थिए । नेकपा (एमाले) प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको पक्षमा थियो भने नेपाली काँग्रेस संसदीय व्यवस्था अन्तर्गतको संसद्बाट निर्वाचित प्रधानमन्त्रीको पक्षमा उभिएको थियो । तर संविधान निर्माणको चरणसम्म पुग्दा राजनीतिक शक्ति सन्तुलनका कारण अहिलेको संसदीय व्यवस्था नै कायम हुन पुग्यो । जसको सकारात्मक र नकारात्मक पाटोको विषयमा हामी भुक्तभोगी नै छौं ।

नेपालले संसदीय राजनीतिको अभ्यासमा गरेको अनुभव अनुसार त्यसको प्रमुख चरित्र नै अस्थिरता र अवसरवाद नै देखिएको छ । काँग्रेस वा कम्युनिस्ट दुवै शक्तिले पाएको स्पष्ट बहुमतको कहिले पनि सदुपयोग हुन सकेन । नेपाली काँग्रेस ०४८ र ०५६ सालमा चुक्यो भने कम्युनिस्टहरू ०६४ को संविधानसभा र ०७४ मा चुक्न पुगे । अहिले कुनै पनि विचारधाराको एकल बहुमत पुग्ने सम्भावना क्षीण छ । कुनै पनि शासकीय प्रणाली आफैमा खराब हुँदैन । तर त्यसको प्रयोगले सफलता र असफलताको मापन भने गर्नै पर्ने हुन्छ । नेपालको सन्दर्भमा संसदीय व्यवस्थाको अभ्यास संसदीय मर्यादा र संस्कार अनुसार हुनै सकेन । यसलाई नैतिकताको कसीमा भन्दा पनि अङ्क गणितको खेलका रूपमा मात्र बुझियो र प्रयोग गरियो । जसकारण पार्टीहरूले पाएको एकल बहुमतको सरकार पनि पूरा कार्यकाल टिक्न सकेन । नेपालमा निरन्तर देखिने पार्टीहरूको अस्वाभाविक विभाजन, गठबन्धन, राजनीतिक अस्थिरता, अवसरवादी चरित्र, निर्वाचनको टिकट र राजनीतिक तथा संवैधानिक नियुक्तिमा हुने मोलमोलाइ ठुला समस्या हुन् । यी समस्याको मूलमा नेपाली राजनीतिमा देखिरहेको अन्त्यहीन राजनीतिक सङ्क्रमण छ । यो शासकीय स्वरूपसँग जोडिएको विषय हो । जसमा सरकार गठन र सञ्चालनको प्रमुख भूमिका रहेको हुन्छ । हामीले अभ्यास गरिरहेको संसदीय व्यवस्था सफल हुन्थ्यो भने पक्कै पनि पटक-पटक देशले ठुला आन्दोलन र विद्रोहको सामना गर्नु पर्दैन थियो होला । विद्यमान व्यवस्थाले उचित परिणाम निकाल्न नसक्दा नै अकल्पनीय रूपमा असन्तुष्टिहरू सडकमा पोखिने गरेका छन् । पछिल्लो बलशाली जेनजी आन्दोलन र त्यसको ठुलो क्षति सत्ताको गलत अभ्यास कै परिणाम हो ।

नयाँ पुस्ताले गरेको विद्रोह पछिको माग नै शासकीय प्रणालीमा सुधार र सुशासन हुनुपर्‍यो भन्ने हो । यसरी अहिले शासकीय प्रणालीको विषयमा सबै पक्षबाट भइरहेको बहसलाई सकारात्मक नै मान्नुपर्छ । अहिले केही स्थापित मिडिया र बुद्धिजीवीहरूले व्यवस्थित बहस चलाइरहेका छन् । केही राजनीतिक शक्तिहरू यसलाई चुनावी एजेण्डा बनाएर जाने तयारीमा पनि देखिन्छन् ।

अब नेपालमा अभ्यास हुन बाँकी यही एउटा विकल्प मात्र छ । संवैधानिक राजतन्त्र, सक्रिय राजतन्त्र, दलविहीन राणा व्यवस्था र पञ्चायत, बहुदलीय संसदीय व्यवस्था सबै अभ्यास भइसकेपछि आजको प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस अगाडि आएको हो । संसदीय राजनीतिमा विकृति देखिएका कारण नौलो विकल्पका रूपमा अगाडी सारिएको यस्तो बहसलाई एक प्रकारको अतिमा बुझ्ने गरेको पनि पाइन्छ । प्रत्यक्ष निर्वाचित कार्यकारीलाई घोषित अवधिसम्म चलाउन नसकिने हुँदा अधिनायकवादी बन्छ भन्ने तर्क गर्ने गरिएको छ । कुनै सनकी मान्छे कार्यकारी निर्वाचित भयो भने देश दुर्घटनामा जान्छ भन्ने गरिएको छ । विविधतामूलक समाजमा एउटा व्यक्ति शक्तिशाली बन्ने कुरा राम्रो होइन भन्ने गरेको पनि पाइन्छ ।

प्रश्नरहित कुनै व्यवस्था हुँदैन भन्ने अर्को सत्य हो । निश्चय पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमाथि पनि थुप्रै शङ्का र प्रश्नहरू हुन सक्छन् । यसको पुष्टि प्रयोग गरेपछि मात्र हुन सम्भव छ । प्रत्यक्ष निर्वाचित कार्यकारी हुने प्रणाली वंशमा आधारित अनिर्वाचित राजतन्त्र जस्तो होइन । यो जननिर्वाचित व्यक्ति सरकार वा राज्यको प्रमुख हुने प्रणाली हो । यो जनप्रतिनिधि संस्था वा संसद्भन्दा पनि जनताप्रति सोझै उत्तरदायी हुन्छ । यसलाई अविश्वासको प्रस्तावद्वारा सामान्य बहुमतले अपदस्त गर्न सकिँदैन ।

गैरसंसदीय वा अध्यक्षात्मक प्रणाली अन्तरगतको कार्यकारी प्रणालीमा राष्ट्रपति शक्तिशाली सरकार प्रमुख हुन्छ । त्यसलाई मन्त्रिमण्डल गठन गर्दा सांसदहरू समावेश गर्नै पर्छ भन्ने बाध्यता हुँदैन । सांसद वा गैरसांसद जो कोहीलाई मन्त्रीमा नियुक्ति गर्न सक्छ । विज्ञहरूको मन्त्रिमण्डल गठन गर्न सक्छ । यहाँ संसद्को भूमिका नीति निर्माणमार्फत सरकारलाई दबाबमा राख्नु मात्र हुन्छ । सरकार बनाउने भूमिकामा संसद् रहँदैन । सरकारको नीति तथा कार्यक्रम एवं बजेट जस्ता महत्त्वपूर्ण विषयहरूमा संसद्ले छड्के परीक्षण गर्न सक्छ । जनताबाट 'भिटो पावर' बोकेर आएको सरकार प्रमुख अधिनायकवादी बन्न खोजेको अवस्थामा संसद्ले अङ्कुश लगाउन सक्छ । अर्का पटकको निर्वाचनमा जनताले पराजय गर्न सक्छन् । कहिलेकाहीँ सरकार प्रमुख शक्तिशाली हुन पुगेको अवस्थामा उसको पार्टी संसद्मा कमजोर हुनसक्छ । विपक्षीहरू शक्तिशाली बन्न सक्छन् ।

त्यसो हुँदा विपक्षीहरूको विश्वास नजिती काम गर्न नसक्ने अवस्था आउन सक्छ । त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा राष्ट्रपति कमजोर हुँदा भिटो प्रयोग गर्ने अधिकार सुरक्षित गरिएको हुन्छ । अधिनायकवादी बन्ने अवस्थामा संसद्मा महाअभियोगको व्यवस्था सुरक्षित गरिएको हुन्छ । यसरी सन्तुलन कायम गरिएको प्रणालीलाई एकाङ्गी रूपमा निरङ्कुशतासँग मात्र जोड्न खोज्नु न्यायोचित देखिँदैन ।

त्यसो त गैरसंसदीय व्यवस्था भन्ना साथ प्रत्यक्ष निर्वाचित कार्यकारी भन्ने मात्रै हुँदैन । मिश्रित प्रणाली पनि हुन्छ । त्यसलाई फ्रान्सेली मोडल भनेर पनि चिनिन्छ । जसमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति र संसद्बाट निर्वाचित प्रधानमन्त्री हुन्छ । राष्ट्रपति र प्रधानमन्त्रीको कार्यक्षेत्र र अधिकारको स्पष्ट बाँडफाँट गरिएको हुन्छ । प्रधानमन्त्री सैद्धान्तिक रूपमा संसद्प्रति उत्तरदायी हुन्छ । अर्को विकल्पका रूपमा जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था पनि हुनसक्छ । स्थिर सरकारका रूपमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री तथा राज्यप्रमुखका रूपमा संसद्बाट निर्वाचित राष्ट्रपतिको व्यवस्था गरेर पनि नेपालमा कायम रहेको राजनीतिक अस्थिरता र सङ्क्रमणलाई हल गर्न पनि सकिन्छ ।

कुनै समय मध्यपूर्वका शक्तिशाली राष्ट्र इजरायलले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको अभ्यास गरेको थियो । अहिले भने यस्तो शासकीय स्वरूपको अभ्यास विश्वको कुनै पनि देशमा छैन । हाल विश्वमा संसद्बाट निर्वाचित प्रधानमन्त्री रहने 'वेष्टमिनिस्टेरियल' प्रणाली, प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा अध्यक्षात्मक प्रणाली र मिश्रित प्रणाली अभ्यासमा रहेका छन् ।

नेपालले आजसम्म अभ्यास गरेको प्रणाली संसदीय सर्वोच्चता रहने वेष्टमिस्टेरियल प्रणाली हो । त्यसैको विकल्पको खोजीमा अहिले बहस चलिरहेको छ । यी शासकीय स्वरुपका आ-आफ्नै निर्वाचन प्रणालीहरू रहेका छन् । अमेरिकाको राष्ट्रपतीय निर्वाचन प्रणालीमा जनताले सोझै राष्ट्रपतिका उम्मेदवारलाई भोट हाल्ने व्यवस्था छैन । त्यहाँ 'इलेक्टोरल कलेज' मार्फत राष्ट्रपतिको निर्वाचन हुन्छ ।

जनताले ५ सय ३८ इलेक्टोरलाई विभिन्न राज्यबाट राष्ट्रपति छान्नका लागि निर्वाचित गर्छन् । त्यस मध्ये २ सय ७० इलेक्टोरको समर्थन प्राप्त गर्ने व्यक्ति नै राष्ट्रपति निर्वाचित हुन्छ । तर निर्वाचित राष्ट्रपति शक्तिशाली सरकार प्रमुख र राज्यप्रमुखका रूपमा रहन्छन् । त्यसै गरी ब्राजिल, चिली, मेक्सिको, भेनेजुएला, दक्षिण कोरिया, मालदिभ्स, श्रीलङ्का लगायतका देशहरूमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहेका छन् ।

अहिले नेपालमा चलिरहेको बहस भनेको जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वा राष्ट्रपतिको हो । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री भए त्यहाँ राष्ट्रपतिको भूमिका राज्य प्रमुखको रूपमा आलङ्कारिक मात्र हुन्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति भएमा सरकार प्रमुख र राज्य प्रमुख दुवै एउटै व्यक्ति हुन्छ ।

राजनीतिक अस्थिरताको दुष्चक्र अन्त्यका लागि नेपाललाई पाँच वर्ष वा निश्चित समयसम्म टिक्न सक्ने शासकीय स्वरूपको आवश्यकता छ । त्यो भनेको यी दुई विकल्प या फ्रान्सेली शैलीको मिश्रित प्रणालीबाट मात्रै सम्भव छ । कार्यकारी प्रमुखको निर्वाचन प्रणाली अपनाउँदा निर्वाचक मण्डलबाट नभएर जनताबाट प्रत्यक्ष निर्वाचित हुने प्रणाली अपनाउनु उपयुक्त हुन्छ । त्यसो गर्दा प्रत्येक जनताको आफ्नो भावना र अपनत्व जोडिएको हुन्छ ।

आफ्ना एजेन्डा लिएर गएका उम्मेदवारहरूमध्ये जनताको प्रत्यक्ष मत मार्फत स्पष्ट बहुमत ल्याउने उम्मेदवार नै विजयी हुने प्रणाली नेपालको हकमा उपयुक्त हुन्छ । उम्मेदवारहरूमध्ये पहिलो चरणमा कसैले स्पष्ट बहुमत ल्याउन नसकेको अवस्थामा दोस्रो चरणमा प्रमुख दुई प्रतिस्पर्धीको निर्वाचन गराउन सकिन्छ । उम्मेदवारहरू मध्ये पहिलो हुनेलाई निर्वाचित गरेमा बहुमतको भावनाको प्रतिनिधित्व नहुने परिस्थिति पनि बन्न सक्छ ।

सबै क्षेत्र, जाती, लिङ्ग र भाषाको सुनिश्चित सहभागिताका लागि पूर्ण समानुपातिक जनप्रतिनिधि संस्था तथा स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी नै नेपालका लागि सबैभन्दा उपयुक्त मोडल हुन सक्छ । बारम्बारको निरङ्कुशताले अत्तालिएको नेपाली समाज प्रत्यक्ष निर्वाचित कार्यकारीको नयाँ प्रयोगमा जाने बित्तिकै अधिनायकवादी शासनमा फस्ने त होइन भनेर चिन्तित हुनु स्वाभाविकै हो ।

आजको हाम्रो राजनीतिको महारोग चरम अस्थिरता नै हो । अस्थिरताको यस्तो दुष्चक्रबाट देशलाई मुक्त गर्न अब विविधताको बिचबाट पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थामा जानुको विकल्प नै छैन । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको बीचमा हुने आपसी नियन्त्रण र सन्तुलनका लागि प्रशस्त बहस गर्न सकिन्छ ।

उचित विधि अवलम्बन गर्दै प्रत्यक्ष कार्यकारी प्रमुख अधिनायक बन्नबाट रोक्न सकिन्छ । जनताको मत नै सबैभन्दा शक्तिशाली हुने सुनिश्चित भएपछि नेतृत्व अद्यावधिक नहुने भन्ने पक्कै हुँदैन । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र अधिनायकवादलाई एउटै तुलामा जोख्नु गलत हुन्छ । तसर्थ अस्थिरताको अन्त्यका लागि अब हिम्मतसाथ निर्णय गर्नै पर्ने हुन्छ ।रातोपाटी

# निर्वाचन ७८ दिन बाँकी:
# राजनीतिक दल र उम्मेदवारले १० वटा मात्रै झण्डा प्रयोग गर्न सक्ने



काठमाण्डु । निर्वाचन आयोगले चुनाव प्रचारप्रसारका क्रममा धेरै झण्डाको प्रयोग नहोस् भन्ने उद्देश्यले नयाँ व्यवस्था प्रस्ताव गरेको छ । आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रस्ताव गरेको प्रस्तावित आचारसंहितामा झण्डा प्रयोगका सम्बन्धमा नयाँ व्यवस्था गरेको हो ।

आयोगका अनुसार कुनै पनि राजनीतिक दलले आयोजना गर्ने आमसभा, जुलुस कोणसभा वा घरदैलो जस्ता कार्यक्रममा १० वटा मात्रै झण्डाको प्रयोग गर्न सक्ने छन् । दलको झण्डा आवश्यकताभन्दा बढी प्रयोग गरेर दुरुपयोग नहोस् भन्ने मनसायका साथ आयोगले त्यस्तो प्रबन्धको प्रस्ताव गरेको हो ।

आयोगले उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाई तीन  चार फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै पनि प्रकारको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने उल्लेख गरेको छ ।

प्रस्तावित आचारसंहितामा १० वटा झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटामात्रै तुल वा फ्लेक्स राख्न पाइने प्रस्ताव गरिएको छ ।

> दलको झण्डा आवश्यकताभन्दा बढी प्रयोग गरेर दुरुपयोग नहोस् भन्ने मनसायका साथ आयोगले त्यस्तो प्रबन्धको प्रस्ताव गरेको हो ।

यसैगरी निर्वाचन प्रचारका लागि घरदैलोमा जाँदा उम्मेदवार, प्रस्तावक, समकर्थकसहित २५ जनाभन्दा बढीको जुलुस प्रदर्शन गर्न पाइने छैन । चुनाव प्रचारका क्रममा जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने व्यवस्था गर्न लागिएको छ ।

अनलाइन, वेवपेज, टिभी, स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटिएम, काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारबारेमा कुनै पनि प्रचारप्रसार गराउन पाइने छैन । तर, राजनीतिक दल वा उम्मेदवारले बढीमा एउटा निजी र आधिकारिक वेवपेजमा त्यस्तो प्रचार सामग्री राख्न भने बाधा पर्ने छैन ।

दलको झण्डाको वा दल एवम् उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन पाइनेछैन । कुनै पनि प्रकारको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायतका कुनै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गर्न नहुने गरी आचारसंहिताको प्रस्ताव गरिएको छ। आयोगले निर्वाचनलाई स्वच्छ, शान्त र मर्यादित बनाउने गरी आचारसंहिताको प्रस्ताव गरिएको जनाएको छ ।रासस

# मन्त्री घिसिङ र महानिर्देशक बरालद्वारा महाकाली सिँचाइ तेस्रो चरण आयोजनाको निरीक्षण



दोधारा चाँदनी । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले बुधबार महेन्द्रनगरस्थित महाकाली सिँचाइ तेस्रो चरण आयोजनाको र महाकाली चार लेन पुलको स्थलगत निरीक्षण गर्नुभएको छ । सो अवसरमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बराललले आयोजनाको पछिल्लो प्रगतिका बारेमा जानकारी दिनुभएको थियो ।

लामो समयदेखि प्रक्रियागत अल्झनले पुल र सिचाँइको काम प्रभावित भएपछि बनेको जनाइएको छ । राष्ट्रिय गौरवको आयोजनामा महाकाली सिँचाइ तेस्रो चरणको २८ किलोमिटर मूल नहर निर्माण भएर पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइका लागि संरचना तयार भए पनि टनकपुरबाट भारतीय पक्षले नहरमा पानी नछोड्दा यहाँका किसानले सिँचाइ सुविधा पाउन सकेका छैनन् ।सो अवसरमा उहाँले सिँचाइ आयोजनाको समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिनुभयो । “महाकाली सिँचाइ तेस्रो चरण नहरमा पानी सञ्चालनका लागि माथिल्लो तहबाट नै भारतसँग पहल भइरहेको छ”, उहाँले भन्नुभयो, “यहाँको समस्याका बारेमा जानकारी भएको छ समस्या समाधानमा लाग्छौँ ।”

त्यसैगरि भीमदत्त नगरपालिका-११ स्थित महाकाली नदीमा निर्माण भएको चार लेनको पक्की पुलको छेउमा निर्माण हुने कृतिम ताल र तटबन्ध निर्माणका लागि मन्त्रिपरिषद् स्तरीय निर्णय नहुँदा डेढ वर्षदेखि निर्माण कार्य बन्द छ ।

यसअघि निर्माण भएको तटबन्ध महाकाली नदीको बाढीले भत्काएपछि डिजाइनमा परिवर्तन गरिएको थियो । उक्त डिजाइन हालसम्म पनि स्वीकृत नहुँदा काम हुन सकेको छैन । उहाँले “तटबन्ध निर्माण नहुँदा यहाँ बाढीको जोखिम रहेछ बर्सात अघि नै यहाँको समस्या समाधान हुनेगरी काम गर्छौं ।”रासस

# राष्ट्रसंघ प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्छ : प्रधानमन्त्री कार्की

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले जलवायु परिवर्तन र विश्वव्यापी तनावजस्ता नयाँ चुनौतीलाई सामना गर्न संयुक्त राष्ट्रसङ्घ प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ ।



संयुक्त राष्ट्रसङ्घसँग नेपालको साझेदारीको ७० औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित समारोहमा राष्ट्रसङ्घले नेपालमा शान्ति, विकास र मानव अधिकार प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको उहाँको भनाइ छ ।प्रधानमन्त्री कार्कीले विश्व शान्ति कायम गर्न र नेपाली जनताको जीवनस्तर उकास्न संयुक्त राष्ट्रसङ्घले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल संयुक्त राष्ट्रसङ्घको सशक्त र विश्वसनीय साझेदारका रूपमा निरन्तर रहने प्रतिबद्धता जनाउनुभयो ।

सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेदेखि नेपालले संयुक्त राष्ट्रसङ्घको बडापत्रका सिद्धान्त पालना गर्दै आएको प्रधानमन्त्री कार्कीले स्मरण गराउनुभयो । संयुक्त राष्ट्रसङ्घको शान्ति सहयोग अभियानमा सबैभन्दा धेरै सैनिक योगदान गर्ने देश नेपाल भएको बताउँदै उहाँले शान्तिपूर्ण विश्वप्रति नेपाल प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो ।सो अवसरमा प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गते हुने निर्वाचन समयमै र सफलतापूर्वक सम्पन्न गरिने विश्वास दिलाउनुभयो । निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको र सुरक्षा अवस्था उल्लेखनीय रूपमा सुधार भएको उहाँले जानकारी दिनुभयो ।

साथै उहाँले सन् २०२६ सम्ममा नेपाल ‘अति कम विकसित मुलुक’ को सूचीबाट स्तरोन्नति हुने विश्वास व्यक्त गर्दै यस उपलब्धिलाई दिगो बनाउन संयुक्त राष्ट्रसङ्घको निरन्तर साझेदारी, लगानी र प्रविधिगत सहयोग आवश्यक हुन्छ भन्नुभयो ।परस्पर निर्भर विश्वमा बहुपक्षीय सहकार्य अपरिहार्य भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले संयुक्त राष्ट्रसङ्घसँगको सहकार्यलाई नेपालले अझ सुदृढ बनाउँदै अघि बढ्ने विश्वास दिलाउनुभयो ।रासस

# प्रधानमन्त्रीसँग चिनियाँ राजदूतको शिष्टाचार भेट



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीसँग बुधबार नेपालका लागि चिनियाँ राजदूत छन सोङले शिष्टाचार भेट गर्नुभएको छ ।

आफ्नो कार्यकाल सकेर स्वदेश फर्किन लाग्नुभएका सोङले सिंहदरबार पुगेर आज प्रधानमन्त्री कार्कीसँग बिदाइ भेट गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । भेटका क्रममा नेपाल र चीनबीचको सम्बन्धका विविध आयाम र द्विपक्षीय हितका विषयमा पनि कुराकानी भएको थियो । सो अवसरमा राजदूत सोङले चीन नेपालको घनिष्टमित्र भएकोले नेपालको विकास निर्माणका हरेक पक्षमा सहयोग गर्दै आएको र सो क्रम भविष्यमा पनि निरन्तर रहने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्रीले राजदूत सोङलाई आफ्नो कार्यकाल सफलतापूर्वक पूरा गरी स्वदेश फिर्ता हुन लाग्नुभएकोमा बधाई तथा सुखद यात्राको कामना गर्नुभयो । साथै नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहनुका साथै नेपालको भूमिबाट चीनको राष्ट्रिय हितविपरीत कुनै पनि गतिविधि हुन नदिने विश्वास दिलाउनुभयो ।चीनबाट सदाझैं नेपालको विकास निर्माणमा साथ, समर्थन र सहयोग प्राप्त हुने आशा पनि उहाँले व्यक्त गर्नुभयो ।रासस

# मुलुक हरेक दृष्टिकोणले सम्पन्न छ: अध्यक्ष लिङ्देन

बनियानी । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले मुलुक धार्मिक, सांस्कृतिक, सम्पदा, पूर्वाधारलगायत हरेक दृष्टिकोणले सम्पन्न रहेको बताउनुभएको छ । झापाको हल्दिबारी गाउँपालिका-१ र ५ जोड्ने भुल्का मार्गको आज उद्घाटन गर्दै उहाँले हरेक दृष्टिकोणले सम्पन्न नेपाल नबन्नुपर्ने कुनै कारण नरहेको धारणा राख्नुभयो ।



“विश्वका धैरै मुलुकहरूले फड्को मारिसकेको अवस्थामा नेपाल नबन्नुपर्ने कारण छैन । यहाँ प्राकृतिक स्रोत पर्याप्त छ, हामी सांस्कृतिक सम्पदामा धनी छौँ”, उहाँले भन्नुभयो, “स्रोतको सही सदुपयोग गर्दै परिणाम प्राप्त गर्न मुलुकको शिक्षा, नीति, राजनीति र नेतृत्व परिवर्तन गर्न आवश्यक छ ।”

शिक्षा नीति, राजनीति र नेतृत्व सही भएमा देश पाँचदेखि १० वर्षमा बन्ने उल्लेख गर्दै अध्यक्ष लिङ्देनले भ्रष्टाचार नियन्त्रण गरेर असल सोचका साथ सबैले सकारात्मक समन्वय गरी देश विकासमा लाग्नुपर्नेमा जोड दिनुभयो । “सात-आठ वर्ष अघि कालोपत्र सडक हेर्न छिमेकी पालिका बिर्तामोड र भारत जानुपर्ने अवस्थाका थियो”, उहाँले भन्नुभयो, “अहिले हल्दिबारीका सबै मुख्य सडकहरू कलोपत्र भइसकेका छन्, यो विकासको चरणअन्तर्गत पर्दछ ।”

पूर्वाधार निर्माण हुनुमात्र ठूलो विषय नभई त्यसको संरक्षण गर्दै त्यसको माध्यमबाट नागरिकको जीवनस्तर उठाउनेतर्फ योजनाबद्ध काम गर्नुपर्ने उहाँले बताउनुभयो । अध्यक्ष लिङ्देनले भन्नुभयो, “सडक बनेको छ, सडकको संरक्षण र सम्वर्द्धन गर्दै रोजगारी सृजना गर्नतर्फ सरोकार भएका निकायको ध्यान जान जरुरी छ ।”

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष रविन्द्र लिङ्देनले झापाका १५ वटा स्थानीय तहमध्ये हल्दिबारी गाउँपालिकामा सबैभन्दा कम बजेट प्राप्त हुने गरेको बताउँदै सोही कारणले आन्तरिक आम्दानी पनि कम हुने गरेको उल्लेख गर्नुभयो । उहाँले प्राप्त बजेटका आधारमा विकास, निर्माणलाई सन्तुलित रूपमा अघि बढाउँदै लगेको जानकारी दिनुभयो ।“गाउँपालिकाले कक्षा १२ सम्म निःशुल्क पठनपाठन र १० हजार लिटरसम्म खानेपानी निःशुल्क उपलब्ध गराउँदै आएको छ”, उहाँले भन्नुभयो,

> “स्रोतको सही सदुपयोग गर्दै परिणाम प्राप्त गर्न मुलुकको शिक्षा, नीति, राजनीति र नेतृत्व परिवर्तन गर्न आवश्यक छ ।”

“नागरिकलाई धेरैभन्दा धेरै सुविधा दिने गरी बजेटको प्रयोग गरिरहेका छौँ ।” आगामी दिनमा पूर्वाधार विकास, सुविधा विस्तारलगायत क्षेत्रमा आवश्यकता अनुसार काम गर्दै जाने उहाँको भनाइ छ ।

गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, हल्दिबारी-१ का वडाध्यक्ष देवीबहादुर थापा, राजनीतिक दलको तर्फबाट नेपाली कांग्रेस हल्दिबारीका कोषाध्यक्ष राजेन्द्र ओलीले आ-आफनो धारणा राख्नुभएको थियो ।सङ्घीय सरकारको रु एक करोड १० लाख र गाउँपालिकाको रु एक करोड ५५ लाख ४३ हजारको लागतमा दुई हजार ३३० मिटर कालोपत्र र ३१० मिटर इन्टरलक सडक निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन महेन्द्रले जानकारी दिनुभयो । उहाँका अनुसार सडकको चौडाइ पाँच दशमलव पाँच मिटर चौडाइ रहेको छ भने इन्टरलक सडकको चौडाइ छ मिटरको छ ।

एक वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी विसं २०८१ माघ २८ गते पार्वता पार्वती-अम्बिका ग्लोबल भिमेश्वर जेभीले सडक निर्माणको ठेक्का पाएको थियो । निर्माण अवधिभन्दा दुई महिना अगावै काम सम्पन्न गरेकामा निर्माण कम्पनीका सञ्चालक हरि भट्टराईलाई सम्मान गरिएको थियो ।हल्दिबारी-१ स्थित ओमचोकबाट वडा नं ५ को धनुषा आविसम्म निर्माण सम्पन्न भएको उक्त सडकलाई ‘भुल्का मार्ग’ नामकरण गरिएको छ । उद्घाटन कार्यक्रमको सहजीकरण गाउँपालिकाका योजना शाखा प्रमुख राजन न्यौपानेले गर्नुभएको थियो ।रासस

# पर्याप्त स्रोतको अभावमा क्षति पुगेका भवनको मर्मत गर्न समस्या

सुदूरपश्चिम । जेनजी प्रदर्शनमा क्षति पुगेका सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालय र विभिन्न कार्यालय भवनलाई मर्मतसम्भार गरेर पूरानै अवस्थामा फर्काउन समस्या भएको छ ।



पर्याप्त बजेट स्रोतको अभावका साथै भएको सीमित बजेटबाट पनि खर्च गर्ने प्रक्रिया लामो हुँदा क्षति भएका भवन संरचनालाई मर्मत सम्भार गरेर पूरानै अवस्थामा फर्काउन समस्या भएको हो । कम क्षति पुगेका भवनका कोठाको मर्मत र रङ्गरोगनको काम गरेर मन्त्रालय तथा अन्य कार्यालयले नियमित काम भने पहिले नै सुरु गरिसकेका थिए ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता नवराज ओझाले प्रचलित नियम र प्रक्रियाभित्र रहेर मर्मतसम्भारको काम गर्नुपर्ने र बजेट पनि पर्याप्त नभएकोले क्षति पुगेका संरचनाको मर्मत सम्भार गर्न सकस भइरहेको बताउनुभयो ।

“बस्न मिल्ने कोठाको सरसफाई र समान्य मर्मत गरेर जसोतसो काम चलाइरहेका छौँ” उहाँले भन्नुभयो, “चालु वर्षको बजेटमा मर्मत सम्भार शीर्षकमा छुट्याइएको बजेट निकै कम छ, तर आन्दोलनमा पुगेको क्षतिको मूल्याङ्कन निकै बढी भएकोले पर्याप्त बजेट अभावमा समयमै मर्मत गर्न ढिलाइ भएको छ ।” भवन संरचनाको मर्मत सम्भारका लागि प्रदेशका मन्त्रालय तथा कार्यालयले चालु वर्षको बजेट रकमलाई रकमान्तर गर्नका लागि आर्थिक मामिला मन्त्रालयमा पत्राचार गरेको बताइएको छ । जेनजी घटनापछिको परिस्थितिमा खर्च कटौती गरेर मितव्ययी ढङ्गले जानुपर्ने परिपत्र नेपाल सरकारले प्रदेश सरकारलाई गरेको थियो ।

घटना लगत्तै प्रदेश सरकारले पनि रु १० लाखभन्दा कम रकम विनियोजन भएका आयोजना कार्यान्वयन नगर्ने, प्रदेश सरकार मातहतका निकायबाट सञ्चालन हुने कुनै पनि आयोजना उपभोक्त समितिमार्फत् कार्यान्वयन नगर्ने नगराउने, बैठक भत्ता, भ्रमण भत्ता, अनुगमन तथा मूल्याङ्कन खर्च, तालिम, गोष्ठितर्फ विनियोजित बजेटको ५० प्रतिशत कटौति गर्नेलगायतका निर्णय गरेको थियो ।

आगजनी र तोडफोडका कारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय, मातहतका विभिन्न कार्यालय, प्रदेशसभा सचिवालयलगायतका भवनका धेरै कोठा बस्न नमिल्ने गरी क्षति पुगेको छ । सुदूरपश्चिम प्रदेशसभाको भवनमा क्षतिपुगेपछि लामो समयदेखि प्रदेशसभाको बैठक बस्न सकेको छैन । प्रदेशसभा सचिवालय, विधायन शाखाका प्रमुख भूरीप्रकाश जोशीले मर्मतका लागि पर्याप्त बजेट स्रोतको अभाव रहेको र भएको बजेटबाट पनि खर्च गर्ने प्रक्रिया लामो हुँदा मर्मत सम्भारमा ढिलाइ भइरहेको बताउनुभयो ।

यद्यपी प्रदेशसभाको भवनलाई बस्न मिल्नेगरी मर्मत गरेर प्रदेशसभाको बैठक यही पुस महिनाभित्र सुचारु गर्न पहल भइरहेको छ। आगजनी र तोडफोडबाट क्षति पुगेको भौतिक पूर्वाधार विकास मन्त्रालय र आर्थिक मामिला मन्त्रालय अर्को भवनमा सारिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा क्षति पुगेका कोठाको मर्मत एवं रङ्गरोगन गरेर काम चलाइएको छ ।

सङ्घीय सरकार मातहतका जिल्ला प्रशासन कार्यालय, भन्सार, आन्तरिक राजश्व, लगायतका कार्यालयले क्षति पुगेका कोठाको समान्य मर्मत गरेर सेवा प्रवाह सुरु गरिसकेका थिए । ठूलो क्षति पुगेका भवन संरचनाको मर्मत सम्भारमा भने अझैँ हुन सकेको छैन । जेनजी आन्दोलनमा भएको आगजनी र तोडफोडबाट कैलाली जिल्लामा सङ्घीय सरकार मातहतका २१ भवनमा क्षति पुगेको थियो । क्षतिपुगेर प्रयोग गर्न नमिल्ने अवस्थाका कतिपय भवनका कोठामा रातो स्टिकर टाँस गरिएको छ ।

सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय धनगढीका वरिष्ठ इन्जिनीयर झङ्कर थापाले भन्नुभयो । रासस


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना ३ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय पिडारीचोकबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
| --- |
| नाम : **माँ बौधी फिकस ईटा उद्योग** प्रोप्राइटरको नाम : मयाराम मण्डल दर्ता नं. : ६००७/३२-०७५/०७६ |
| दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उधोग कार्यालय, महोत्तरी दर्ता मिति : २०७५/०९/११ |
| रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला बलवा न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६०८९७३१२८ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) सिताराम मंडलको नाति रीतलाल मंडलको छोरा महोत्तरी जिल्ला सहसौला वडा नं. ९ हाल, रामगोपालपुर न.पा. वडा नं. ८ बस्ने **मयाराम मण्डल** (ना.प्र.नं. : ८००६२८८४ जारी मिति र जिल्ला : २०५२/०८/२८, महोत्तरी) |
| २) रीतलाल मंडलको बुहारी मयाराम मंडलको पत्नी महोत्तरी जिल्ला सहसौला वडा नं. ९ हाल, रामगोपालपुर न.पा. वडा नं. ८ बस्ने **अनिता देवी मंडल** (ना.प्र.नं. : १८३०३६/११५८ जारी मिति र जिल्ला : २०६३/११/३०, महोत्तरी) |
| ३) रीतलाल मंडलको नाति मयाराम मंडलको छोरा महोत्तरी जिल्ला रामगोपालपुर न.पा. वडा नं. ८ बस्ने **दिपक कुमार मंडल** (ना.प्र.नं. : १८२०३६/४२३ जारी मिति र जिल्ला : २०७७/०६/१८, महोत्तरी) |
| **यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :** |
| १) मिति २०८१/०८/०५ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने |
| २) मिति २०८१/१०/२२ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि २१ दिने |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# जापानद्वारा मुद्रास्फीति नियन्त्रणका लागि १२०० खर्ब येनको रेकर्ड बजेट प्रस्ताव

एएनआई

टोकियो । जापान सरकारले आगामी आर्थिक वर्षका लागि १२०० खर्ब येन (करिब सात खर्ब ७५ अर्ब अमेरिकी डलर) भन्दा बढीको अहिलेसम्मकै सबैभन्दा ठूलो प्रारम्भिक बजेट प्रस्तावमाथि विचार गरिरहेको जनाएको छ। उच्च मूल्यवृद्धिसँग जुधिरहेको अर्थतन्त्रलाई सहारा दिन आक्रामक खर्च बढाउनुपर्ने प्रधानमन्त्री साने ताकाइचीको जोड यस प्रस्तावमा स्पष्ट रूपमा देखिन्छ।

यदि यो बजेट स्वीकृत भयो भने यसले आर्थिक वर्ष २०२५ का लागि पूर्वप्रधानमन्त्री शिगेरु इशिबाको कार्यकालमा पारित ११५२ खर्ब येनको अघिल्लो रेकर्डलाई उछिन्नेछ । क्योदो न्युजका अनुसार मुद्रास्फीति निरन्तर बढिरहेकाले कर्मचारी खर्च र अन्य स्थायी लागतमा वृद्धि हुँदै गएको छ, जसले कमजोर सार्वजनिक वित्तप्रति चिन्ता बढाइरहेका बेला पनि खर्च बढाउने दबाब सिर्जना गरेको छ ।अप्रिलबाट सुरु हुने आर्थिक वर्ष २०२६ का लागि ब्याज भुक्तानी र बन्ड रिडेम्पसनसहित ऋणसम्बन्धी खर्च २८२ खर्ब येन



नाघ्ने अनुमान गरिएको छ । यो फेरि नयाँ रेकर्ड हुने स्रोतहरूले बताएका छन् । जापानले उन्नत अर्थतन्त्रहरूमध्ये सबैभन्दा ठूलो सार्वजनिक ऋणको बोझ पहिले नै बेहोरिरहेको सन्दर्भमा यो विषय थप संवेदनशील बनेको छ।

यसैबीच, संसद्ले यसै हप्ता बढ्दो जीवनयापन लागत कम गर्ने उद्देश्यले प्रधानमन्त्री ताकाइचीले अघि सार्नुभएको विस्तार आर्थिक प्याकेजका लागि आर्थिक वर्ष २०२५ को १८३ खर्ब येनको पूरक बजेट स्वीकृत गरेको छ। उक्त विधेयक गत हप्ता तल्लो सदनबाट पारित भइसकेपछि चालु संसदीय सत्र समाप्त हुनुअघि माथिल्लो सदनबाट पनि पारित भएको हो । प्रधानमन्त्री ताकाइचीको लिबरल डेमोक्रेटिक पार्टीको नेतृत्वमा रहेको सत्तारूढ गठबन्धनसँग माथिल्लो सदनमा स्पष्ट बहुमत नभए पनि सरकारले राहत उपायसम्बन्धी विपक्षी दलहरूको केही माग समेटेपछि डेमोक्रेटिक पार्टी फर द पिपुललगायत केही विपक्षी समूहको समर्थन प्राप्त भएको बताइएको छ।

'जिम्मेवार र सक्रिय सार्वजनिक वित्त' भन्ने नाराअन्तर्गत ल्याइएको यो पछिल्लो प्रोत्साहन प्याकेज आर्थिक वर्ष २०२२ पछि सबैभन्दा ठूलो मानिएको छ । आर्थिक वर्ष २०२२ मा जापानले कोभिड-१९ महामारीका बेला खर्च उल्लेख्य रूपमा बढाएको थियो। कार्यक्रमको मुख्य उद्देश्य मुद्रास्फीतिको असर कम गर्नु र लगानीलाई प्रोत्साहन गर्दै आर्थिक वृद्धिलाई पुनर्जीवित गर्नु हो।

कर राजस्व २९ खर्ब येनले बढ्ने अपेक्षा गरिए पनि सरकारले नयाँ बन्ड जारी गरी ११७ खर्ब येन जुटाउने योजना बनाएको छ, जसले प्याकेजको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने क्योदो न्युजले जनाएको छ। यस कदमप्रति वित्तीय बजारले चासो र चिन्ता दुवै व्यक्त गरेको देखिएको छ। पछिल्ला दिनहरूमा येन र जापानी सरकारी बन्डहरूमा बिक्री दबाब बढ्दा दीर्घकालीन ब्याज दर उकालो लागेको छ।

घरपरिवारलाई बढ्दो खर्चबाट जोगाउन सरकारले राहत उपायका लागि ८९ खर्ब येन छुट्याएको छ। यसमा आगामी वर्षको पहिलो तीन महिनाका लागि बिजुली र ग्यास अनुदान, बच्चा भएका परिवारलाई नगद सहायता तथा स्थानीय सरकारलाई थप आर्थिक सहयोग समावेश छन्।

यसका अतिरिक्त, सङ्कट व्यवस्थापन र दीर्घकालीन वृद्धिसँग जोडिएका लगानीका लागि ६४ खर्ब येन छुट्याइएको छ, जसलाई प्रधानमन्त्री ताकाइचीले 'बलियो अर्थतन्त्र' निर्माण गर्ने लक्ष्यसँग जोड्नुभएको छ। पूरक बजेटमा सुरक्षा र कूटनीतिका लागि १७ खर्ब येन पनि राखिएको छ, जसले जापानलाई प्रारम्भिक योजनाभन्दा दुई वर्ष अगाडि नै भएको छ।

# नेपाल अफगानिस्तानसँग पराजित



काठमाण्डु।१९ वर्षमुनि (यु-१९) एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल अफगानिस्तानसँग पराजित भएको छ।

दुबईमा बुधबार एसिया कप अन्तर्गत समूह 'बी' को समूह चरणको आफनो अन्तिम खेलमा नेपाल अफगानिस्तानसँग ६ विकेटले पराजित भएको हो । नेपालले दिएको १२५ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २६.५ ओभरमै ४ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो।

अफगानिस्तानका लागि उजैरुल्लाह नियाजाईले ६१ रनको उत्कृष्ट इनिङ्स खेले । त्यस्तै ओस्मान सादातले २८ रन जोडे भने कप्तान महबूब खान ११ रनमा अविजित रहे । नेपालका अभिषेक तिवारीले २ विकेट लिए भने विपिन शर्माले १ विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४६.४ ओभरमै सबै विकेट गुमाउँदै १२४ रनमा अलआउट भएको थियो।

नेपालका लागि दिलसाद अलीले सर्वाधिक ३२ रन बनाए। चन्दन रामले २७ रनको योगदान दिए भने अभिषेक तिवारीले २० रन जोडे।

अन्य ब्याट्सम्यानले अपेक्षित प्रदर्शन गर्न सकेनन् ।अफगानिस्तानका जाइदुल्लाह शाहिनले ३ विकेट लिए भने अब्दुल अजिज र नुरिस्तानी ओमरजाई र वहिदुल्लाह जाद्रानले समान २-२ विकेट हात पारे । यस हारसँगै नेपालले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै प्रतियोगिताबाट बाहिरिएको छ। यसअघि नेपाल श्रीलङ्का र बङ्गलादेशसङ पराजित भएको थियो ।रासस

## अस्ट्रेलिया गोलीकाण्डका सन्दिग्ध आक्रमणकारीमध्ये मृत बुवा 'भारतीय नागरिक', छोराविरुद्ध मुद्दा दर्ता

बीबीसी

काठमाण्डु ।अस्ट्रेलियाको सिड्नीस्थित 'बोन्डाइ बीच' मा गत आइतवार १५ जनाको मृत्यु हुने गरी गोली प्रहार गर्ने दुई सन्दिग्ध आक्रमणकारीहरू भारतीय मूलका भएको अस्ट्रेलिया र भारतका अधिकारीहरूले जनाएका छन्। उनीहरू बाबुछोरा थिए।

दुई जनामध्ये ५० वर्षीय बुवा सजिद अकरमको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। उनका छोरा २४ वर्षीय नवीद अकरम गम्भीर स्वास्थ्य अवस्थामा अस्पतालमा छन्।अस्ट्रेलियाका सञ्चारमाध्यममा प्रकाशित विवरणहरूका अनुसार नवीदको होस मङ्गलवार दिउँसो खुलिसकेको छ। प्रहरीले उनलाई भेटेको भए पनि उनीसँग बयान लिन भने बाँकी छ। बुधवार आयोजित पत्रकार सम्मेलनमा बोल्दै न्यू साउथ वेल्स राज्यका प्रहरी आयुक्त मल ल्यान्यनले २४ वर्षीय सन्दिग्ध आक्रमणकारीसँग उनीमाथि औषधिको प्रभाव घटेपछि औपचारिक बयान लिइने बताए। पत्रकार सम्मेलनमा उक्त राज्यका प्रेमिअर क्रिस मिन्स पनि उपस्थित थिए।

"निष्पक्षताका लागि उनी के हुँदै छ भन्ने कुरा बुझ्न सक्ने हुनुपर्छ," उनले भने। आइतवार प्रहरीसँग भएको भिडन्तमा नवीद अकरम गम्भीर घाइते भएका थिए। न्यू साउथ वेल्स प्रहरीका अनुसार नवीद अकरमविरुद्ध विभिन्न ५९ वटा कसुर गरेको अभियोगसहित मुद्दा दर्ता गरिएको छ। उनीमाथि १५ जनाको हत्या र आतङ्ककारी कार्य गरेको अभियोग छ।उनीमाथि अरू व्यक्तिमाथि गम्भीर शारीरिक



हानि पुर्‍याएकोमा ४० वटा र प्रतिबन्धन्धित आतङ्ककारी सङ्गठनको चिह्न सार्वजनिक रूपमा देखाएकोएमा एउटा अभियोग पनि लागेको छ। उनीविरुद्ध परेको मुद्दा एप्रिल २०२६ सम्मका लागि मुल्तबी भएको छ।

'बोन्डाइ बीच'मा यहुदीहरूको पर्व 'हानका' मनाउन भेला भएका मानिसहरूलाई निसाना बनाएर सन्दिग्ध आक्रमणकारीहरूले गोली प्रहार गरेका थिए। उक्त घटनामा परी १५ जनाको मृत्यु भएको छ भने कैयौं मानिसहरू घाइते भएका छन्। सजिद अकरमको घटनास्थलमै प्रहरीको गोली लागेर मृत्यु भएको थियो।

# भेनेजुएलामाथि दबाब कडा पार्दै ट्रम्पद्वारा प्रतिबन्धित तेल ट्याङ्कर अवरुद्ध गर्ने आदेश

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार भेनेजुएलामा जाने र त्यहाँबाट बाहिरिने सबै 'प्रतिबन्धित तेल ट्याङ्करहरू' अवरुद्ध गर्ने आदेश जारी गर्नुभएको छ। यस घोषणासँगै उहाँले भेनेजुएलाको कच्चा तेलमा अमेरिकाको पहुँचसम्बन्धी नयाँ मागहरू अघि सार्दै काराकासविरुद्धको दबाब अभियानलाई अझ तीव्र बनाउनुभएको छ।

ल्याटिन अमेरिकामा लागुऔषध तस्करीविरुद्ध लड्ने उद्देश्य देखाउँदै तर भेनेजुएलालाई विशेष रूपमा लक्षित गर्दै संयुक्त राज्य अमेरिकाले महिनौंदेखि क्यारिबियन क्षेत्रमा ठूलो सैन्य तैनाथी विस्तार गर्दै आएको छ । काराकासले यस अभियानलाई वामपन्थी शक्तिशाली राष्ट्रपति निकोलस मदुरोलाई सत्ताबाट हटाउने प्रयासका रूपमा व्याख्या गर्दै आएको छ । मदुरोलाई वासिङ्टनसहित धेरै देशले अवैध राष्ट्रपति मान्दै आएका छन्। साथै, भेनेजुएलाले यसलाई आफ्नो तेल 'चोर्ने' योजनाका रूपमा पनि हेरेको छ।

देशको हवाई क्षेत्रलाई 'बन्द' मानिनुपर्ने र 'भूमिमा लागुऔषध तस्करी रोक्ने' प्रयासहरू चाँडै सुरु हुने घोषणा गर्दै राष्ट्रपति ट्रम्पले भेनेजुएलाभित्र सैन्य कारबाहीसमेत हुनसक्ने आशय व्यक्त गरेपछि पछिल्ला हप्ताहरूमा दुवै देशबीच तनाव उल्लेखनीय रूपमा बढेको छ ।गत हप्ता संयुक्त राज्य अमेरिकाले भेनेजुएलाबाट बाहिरिएको एउटा तेल ट्याङ्कर नियन्त्रणमा लिएको थियो भने भेनेजुएलाको तेल उद्योगसँग सम्बन्धित अन्य धेरै जहाज तथा कम्पनीहरूमाथि नयाँ प्रतिबन्धको घोषणा गर्दै अभियानमा थप कडाइ गरेको थियो।

"आज म भेनेजुएलाभित्र र बाहिर जाने सबै प्रतिबन्धित तेल ट्याङ्करहरूलाई पूर्ण रूपमा अवरुद्ध गर्ने आदेश दिन्छु", राष्ट्रपति ट्रम्पले मङ्गलबार साँझ आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत लेख्नुभएको छ । क्यारिबियन क्षेत्रमा तैनाथ विश्वकै सबैभन्दा ठूलो विमानवाहकसहितका धेरै नौसेना र समुद्री सेनाको उल्लेख गर्दै उहाँले चेतावनी दिनुभयो, "भेनेजुएला अहिले दक्षिण अमेरिकाको इतिहासमै भेला भएको सबैभन्दा ठूलो नौसैनिक बेडाले घेरिएको छ।"

भेनेजुएलाको अर्थतन्त्र कच्चा तेल निर्यातमा अत्यधिक निर्भर रहेकाले तेल क्षेत्रलाई कमजोर पार्ने यस्ता कदमले राष्ट्रपति मदुरोमाथि थप दबाब सिर्जना गर्ने अनुमान गरिएको छ। तर मङ्गलबार राष्ट्रपति ट्रम्पले भेनेजुएलाको तेल उत्पादनमा अमेरिकाको पहुँच पुनः प्राप्त गर्ने लक्ष्य पनि स्पष्ट पार्नुभयो।

भेनेजुएलाले 'हामीबाट पहिले चोरेका सबै तेल, भूमि र अन्य सम्पत्तिहरू संयुक्त राज्य अमेरिकालाई फिर्ता नगरेसम्म' अमेरिकी नौसैनिक बेडा अझ ठूलो बन्दै जाने उहाँको भनाइ थियो। उहाँले कुन तेल वा भूमिको कुरा गर्नुभएको हो भन्ने स्पष्ट नगर्नुभए पनि सन् १९७० को दशकमा भेनेजुएलाले आफ्नो तेल उद्योग राष्ट्रियकरण गरेको तथ्यलाई यस सन्दर्भमा स्मरण गराइएको छ। त्यसपछि राष्ट्रपति मदुरोका पूर्ववर्ती ह्युगो चाभेजको नेतृत्वमा विदेशी कम्पनीहरूलाई भेनेजुएलाको राज्य स्वामित्वको तेल कम्पनी पिडिभिएसएलाई बहुमत नियन्त्रण दिन बाध्य पारिएको थियो।

विशेष प्रतिबन्ध छुटअन्तर्गत अझै पनि भेनेजुएलामा सञ्चालनरत अमेरिकी कम्पनी सेभरोनका प्रवक्ताले मङ्गलबार कम्पनीको गतिविधि 'कुनै अवरोधबिना र लागू कानून तथा नियमहरूको पूर्ण पालना गर्दै निरन्तर रूपमा चलिरहेको' जानकारी दिनुभयो।

काराकासले भने राष्ट्रपति ट्रम्पको घोषणाको कडा निन्दा गर्दै उहाँको उद्देश्य 'हाम्रो मातृभूमिको सम्पत्ति चोर्ने' रहेको आरोप लगाएको छ । भेनेजुएलाले विगतका वर्षहरूमा अमेरिकी तेल

> "आज म भेनेजुएलाभित्र र बाहिर जाने सबै प्रतिबन्धित तेल ट्याङ्करहरूलाई पूर्ण रूपमा अवरुद्ध गर्ने आदेश दिन्छु"

प्रतिबन्धलाई बेवास्ता गर्दै कालो बजारमार्फत छुट मूल्यमा कच्चा तेल बिक्री गर्दै आएको छ, जसको मुख्य खरिदकर्ता चीन रहेको छ ।पेट्रोलियम निर्यातक देशहरूको सङ्गठन (ओपेक) का अनुसार भेनेजुएलामा करिब ३०३ अर्ब ब्यारेल तेल भण्डार रहेको अनुमान गरिएको छ, जुन विश्वका अन्य कुनै पनि देशभन्दा बढी हो।

"यदि तेल निर्यात रोकियो भने यसले विदेशी मुद्रा बजार र देशको आयात क्षमतामा गम्भीर असर पार्नेछ र त्यसले आर्थिक सङ्कट निम्त्याउन सक्छ", भेनेजुएलाको परामर्शदाता संस्था ओरिनोको रिसर्चका



एलियास फेररले हालै एएफपीलाई बताउनुभएको थियो । उहाँका अनुसार मन्दी मात्र नभई, खाद्य तथा औषधिको अभावसमेत देखिन सक्छ, किनकि आयात गर्न देश असमर्थ हुनेछ।

पेन्टागनले भने ट्रम्प प्रशासनअन्तर्गत विदेशी आतङ्कवादी सङ्गठनका रूपमा तोकिएका लागुऔषध गिरोहहरूलाई लक्षित गरिएको दाबी गर्दै 'साउदर्न स्पियर' नाम दिइएको आफ्नो अपरेसनको बचाउ गरेको छ । अमेरिकी सेनाले अहिलेसम्म अन्तर्राष्ट्रिय जलक्षेत्रमा लागुऔषध तस्करीमा संलग्न डुङ्गाहरूमाथि मात्र कारबाही गरेको बताइए पनि ती कारबाहीमा कम्तीमा ९५ जनाको मृत्यु भइसकेको छ, जसलाई धेरै विश्लेषकहरूले गैरन्यायिक हत्या भनेका छन्।

यसैबीच ट्रम्प प्रशासनले भेनेजुएलाको कथित समूह 'कार्टेल डे लस सोल्स'लाई आतङ्कवादी सङ्गठन घोषणा गर्दै राष्ट्रपति मदुरो नै यसको नेता भएको आरोप लगाएको छ। "हाम्रो सम्पत्ति चोरी, आतङ्कवाद, लागुऔषध तस्करी, मानव बेचबिखनलगायतका गतिविधिका कारण भेनेजुएलाको शासनलाई विदेशी आतङ्कवादी सङ्गठन घोषणा गरिएको हो", राष्ट्रपति ट्रम्पले स्पष्ट पार्नुभएको छ।

**ट्रम्पद्वारा थप सात देश र प्यालेस्टाइनमाथि पूर्ण यात्रा प्रतिबन्ध**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार सिरियासहित थप सात देशका नागरिक र प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूलाई संयुक्त राज्य अमेरिका प्रवेशमा पूर्ण यात्रा प्रतिबन्ध लगाउने निर्णय गर्नुभएको छ । यस कदमसँगै राष्ट्रियताको आधारमा मात्र अमेरिका प्रवेशमा रोक लगाइएका देशहरूको सङ्ख्या करिब ४० पुगेको छ। यसका साथै पश्चिमी देशहरूबाट हुने नियमित यात्रामा समेत नियमहरू थप कडा पारिएका छन्।

आप्रवासनप्रति कठोर दृष्टिकोणलाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा बनाउँदै आउनुभएका राष्ट्रपति ट्रम्पले सामूहिक निर्वासनको आदेश जारी गरिसक्नुभएको छ भने गैर-श्वेत आप्रवासीहरूविरुद्धको कडा अभिव्यक्ति पनि तीव्र बन्दै गएको छ। ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा 'अमेरिकीहरूलाई धम्की दिन सक्ने' विदेशी नागरिकहरूलाई रोक्न प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ । साथै, अमेरिकाको संस्कृति, सरकार, संस्था तथा संस्थापक सिद्धान्तहरूलाई कमजोर पार्न खोज्ने व्यक्तिहरूलाई देशभित्र प्रवेश नदिन चाहिएको भनिएको छ।

लामो समयसम्म शासक बशर अल-असदको पतनपछि अन्तर्राष्ट्रिय समुदायमा पुनःस्थापना हुने प्रयासमा रहेको सिरियामाथि यो प्रतिबन्ध त्यतिबेला लगाइएको छ जतिबेला केही दिनअघि त्यहाँ दुई अमेरिकी सैनिक र एक सर्वसाधारण मारिएका थिए । सिरियाली अधिकारीहरूका अनुसार ती घटनाका आरोपी सुरक्षा बलका पूर्वसदस्य थिए, जसलाई 'चरमपन्थी इस्लामवादी विचार' का कारण बर्खास्त गरिएको थियो ।यसैबीच, फ्रान्स र बेलायतलगायत केही पश्चिमी देशहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको विरोधमा ट्रम्प प्रशासनले इजरायलसँग ऐक्यबद्ध हुँदै प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूमा अनौपचारिक यात्रा प्रतिबन्ध लागू गरिसकेको थियो, जसलाई अहिले औपचारिक बनाइएको छ।

पूर्ण यात्रा प्रतिबन्धमा परेका नयाँ देशहरूमा अफ्रिकाका बुर्किना फासो, माली, नाइजर, सिएरा लियोन र दक्षिण सुडान, साथै दक्षिणपूर्वी एसियाको लाओस रहेका छन् । यसबाहेक, नाइजेरिया, आइभोरी कोस्ट र सेनेगललगायत केही अफ्रिकी देशका नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लगाइएको छ । यी देशहरू अमेरिका, क्यानाडा र मेक्सिकोमा आयोजना हुने आगामी विश्वकप फुटबलका लागि योग्य भए पनि ट्रम्प प्रशासनले खेलाडीहरूलाई मात्र प्रवेश अनुमति दिने स्पष्ट पारेको छ, प्रशंसकहरूका हकमा कुनै प्रतिबद्धता जनाएको छैन ।आंशिक प्रतिबन्धमा परेका अन्य देशहरूमा एङ्गोला, एन्टिगुआ र बार्बुडा, बेनिन, डोमिनिका, ग्याबोन, गाम्बिया, मलावी, मौरितानिया, तान्जानिया, जाम्बिया, जिम्बाब्वे तथा पोलिनेसियाली देश टोङ्गा रहेका छन् । यीमध्ये केही देश अमेरिकाका महत्त्वपूर्ण साझेदारसमेत रहेका छन्, जसलाई पूर्वराष्ट्रपति जो बाइडेनले लोकतन्त्रप्रतिको प्रतिबद्धताका लागि प्रशंसा गर्नुभएको थियो।

शरणार्थी अधिकारका पक्षमा काम गर्ने इसाई संस्था ग्लोबल रिफ्युजले यात्रा प्रतिबन्धले कमजोर र जोखिममा परेका मानिसहरूलाई झनै अप्ठ्यारो अवस्थामा धकेल्ने चेतावनी दिएको छ । संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत कृष ओ'मारा विग्नाराजाहले व्यक्तिगत र प्रमाणमा आधारित मूल्याङ्कनको सट्टा सम्पूर्ण जनसङ्ख्यालाई सजाय दिने नीति अपनाइएको आरोप लगाउनुभएको छ।

राष्ट्रपति ट्रम्पले पछिल्ला सार्वजनिक कार्यक्रममा आप्रवासीहरूलाई लक्षित गर्दै विवादास्पद भाषा प्रयोग गर्दै आउनुभएको छ। यसअघि नै सोमाली नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाइसकिएको छ भने अफगानिस्तान, इरान, लिबिया, सुडान, यमनलगायत देशहरू पनि पूर्ण यात्रा प्रतिबन्धमा रहेका छन् ।यसै क्रममा ह्वाइट हाउसले तुर्कमेनिस्तानले गरेको 'महत्त्वपूर्ण प्रगति' लाई स्वीकार गर्दै त्यस देशका नागरिकलाई गैर-आप्रवासी भिसामा अमेरिका प्रवेशको अनुमति पुनः दिन थालिएको जनाएको छ । तर समग्रमा हेर्दा, राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णयले अमेरिकी आप्रवासन नीतिलाई अझै कठोर बनाएको स्पष्ट देखिएको छ।

## बोन्डी अभियुक्तलाई अष्ट्रेलियाली प्रहरीद्वारा ५९ वटा अपराधको आरोप

सिन्ह्वा

सिड्नी । सिड्नीको बोन्डी समुन्द्र तटमा भएको घातक सामूहिक गोलीबारीको जीवित कथित अपराधी नावीद अकवरलाई ५९ वटा अपराधको आरोप लगाइएको अस्ट्रेलियाली प्रहरीले बुधबार जनाएको छ।

अस्ट्रेलियाको न्यू साउथ वेल्स (एनएसडब्लु) राज्यको प्रहरी बलले बुधबार दिउँसो २४ वर्षीय अकरमलाई ५९ वटा अपराधको आरोप लगाएको छ, जसमा १५ वटा हत्या र एक आतंककारी कार्य गरेको आरोप लगाइएको छ ।अधिकारीहरूका अनुसार नाभिद र उनका बुबा साजिद अकरमले आइतबार सिड्नीको प्रसिद्ध बोन्डी समुन्द्र तटमा भएको यहुदी उत्सवमा गोली चलाउँदा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए।

मङ्गलबार कोमाबाट उठेपछि बुधबार अकरम प्रहरीको निगरनीमा अस्पतालमा उपचाररत रहेको जनाइएको छ। दोस्रो कथित बन्दुकधारी, अकरमका ५० वर्षीय बुबा साजिदको रूपमा पहिचान गरिएको छ, जसको आक्रमण स्थलमा प्रहरीको गोली लागेर मृत्यु भएको थियो ।हत्या र आतङ्कवाद अपराधका साथै, नावीद अकरमलाई गम्भीर शारीरिक क्षति पुगाउने उद्देश्यले बन्दुक चलाएको, सार्वजनिक रूपमा प्रतिबन्धित आतङ्कवादी प्रतीक प्रदर्शन गरेको र क्षति पुगाउने उद्देश्यले भवनमा विस्फोटक राखेको र हत्याको ४० वटा अभियोग लगाइएको थियो।

अधिकारीहरूले आक्रमण इस्लामिक स्टेटको विचारधाराबाट प्रेरित भएको र नावीद अकरमको गाडीमा इस्लामिक स्टेटका दुईवटा झण्डा र इम्प्रोभाइज्ड विस्फोटक उपकरणहरू फेला परेको पुष्टि गरे।

## म्यान्माः चुनाव 'अवरोध' आरोपमा सयौंमाथि मुद्दा चलाउने तयारी

एएफपी

याङ्गुन । म्यान्माको सैन्य जुन्ताले बुधबार सेनाद्वारा सञ्चालित आगामी चुनावलाई 'अवरोध' गरेको आरोपमा २०० भन्दा बढी व्यक्तिमाथि मुद्दा चलाउने तयारी भइरहेको जानकारी दिएको छ । उक्त कारबाही त्यही कानूनअन्तर्गत अघि बढाइँदैछ, जसलाई मानवअधिकार पर्यवेक्षकहरूले असहमति र आलोचना दमन गर्ने उद्देश्यले ल्याइएको बताएका छन् ।सैन्य सरकारले डिसेम्बर २८ देखि चरणबद्ध रूपमा सुरु हुने चुनावलाई म्यान्मामा मेलमिलापतर्फको एक महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गर्दै आएको छ। सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि देश गृहयुद्धको चपेटामा पर्दै आएको छ र त्यसयता राजनीतिक तथा सुरक्षा अवस्था अत्यन्तै अस्थिर बनेको छ।

तर विपक्षी समूहहरूको नियन्त्रणमा रहेका धेरै क्षेत्रमा मतदान अवरुद्ध हुने तयारी भइरहेको बताइएको छ । यसै कारण प्रमुख अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले यो चुनावलाई सैन्य शासनलाई निरन्तरता दिने बहानाका रूपमा मात्र प्रयोग गरिएको भन्दै अस्वीकार गरिरहेका छन् ।जुन्ताले गत जुलाईमा चुनावलाई 'अवरोध, बाधा र विनाश' बाट जोगाउने नाममा नयाँ कानून ल्याएको थियो। उक्त कानूनअनुसार चुनावको आलोचना गर्ने, विरोध गर्ने वा मतदान प्रक्रियामा अवरोध पुर्‍याउने आरोप लागेका व्यक्तिलाई १० वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था गरिएको छ।

राज्य सञ्चार माध्यमका अनुसार जुन्ताका गृहमन्त्री तुन तुन नौङले 'निर्वाचन प्रक्रियालाई तोडफोड गर्ने प्रयास गरेको आरोपमा' सोही कानूनअन्तर्गत हालसम्म कुल २२९ जनालाई अभियोजनका लागि पछ्याइँदै आएको जानकारी दिनुभएको छ । उहाँको भनाइले सैन्य सरकारले चुनावका नाममा असहमति र विरोधलाई अझ कडाइका साथ नियन्त्रण गर्न खोजिरहेको सङ्केत दिएको छ।

# बुटवलमा औद्योगिक प्रदर्शनीको तयारी पूरा




लुम्बिनी । १६औँ राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव, २०८२ तयारी पूरा भएको छ । रुपन्देही उद्योग सङ्घको आयोजना तथा बुटवल उपमहानगरपालिका र नेपाल उद्योग परिसङ्घको संरक्षकत्वमा यही पुस ३ गतेदेखि १७ गतेसम्म बुटवलस्थित अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रमा आयोजना हुने महोत्सवको सम्पूर्ण तयारी पूरा भएको आयोजक सस्थाले जनाएको छ । 'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशिलताको विस्तार' नाराका साथ आयोजना हुन लागेको महोत्सवमा स्वदेशी उत्पादन, नयाँ प्रविधि, पर्यटन तथा कृषि उत्पादनसँग सम्बन्धित वस्तुहरु प्रदर्शनीका लागि राखिने सङ्घले जनाएको छ ।

बुटवलस्थित रामनगरमा हालै निर्माण भएको आधुनिक अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रमा आधुनिकस्तरकै स्टल हुनेछन् । स्वदेशी उद्योगका उत्पादन मात्रै प्रदर्शन र तिनको बजारीकरण गर्दै उपभोक्तामा स्वदेशी उत्पादन प्रयोग गर्नुपर्छ भन्ने भावनाको विकास गराउने यो प्रदर्शनीको मुख्य उद्देश्य रहेको महोत्सव आयोजक समितिका संयोजक कृष्णप्रसाद पराजुलीले जानकारी दिनुभयो ।"स्वदेशी उत्पादनको प्रयोगलाई सबैले प्राथमिकता दिन आवश्यक छ । हामीले आयोजना गर्ने प्रदर्शनीले स्वदेशी उत्पादनलाई उपभोक्तासँग प्रत्यक्ष सम्पर्क स्थापना गराउँदै नयाँ उद्योग स्थापनाका लागि प्रोत्साहन र औद्योगिक सम्भावनाको खोजीमा टेवा पुग्ने विश्वास लिइएको छ", अध्यक्ष पराजुलीले भन्नुभयो ।

देशको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको औद्योगिक व्यवसायको संरक्षण, सम्वर्द्धन र विकामा यो महोत्वले टेवा पुर्‍याउने आयोजकले विश्वास लिएका छन् ।प्रदर्शनीमा औद्योगिक प्रविधि, कृषि, हस्तकला, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छाला जुत्ता, खाद्यान्न, सूचना प्रविधिलगायतका करिब ३५० स्टल रहनेछन् । प्रदर्शनीमा करिब आठ लाख दर्शकले अवलोकन गर्ने र रु २० करोड बराबरको कारोबार हुने अनुमान गरिएको छ ।रासस

# पौष्टिक आहारका लागि सोइ

मनाङ । हिउँदयामको मध्य समयमा देशभर चिसो बढेको छ । पहाड र तराईमा चिसो बढेसँगै हिमाली क्षेत्रमा पानी जमेका छन् भने चिसो अत्यधिक बढेको छ। मनाङमा चिसो बढ्दै जाँदा यहाँ पशुपालनको रुपमा याकचौँरी र भेडापालन हो । चिसो बढेसँगै लेकको खर्कमा पुर्‍याइएका याकचौँरी बेँसी झारिन्छ । तीन हजारदेखि पाँच हजार मिटर उचाइबाट झारिएका याकचौँरीलाई बेँसीअर्थात् एक हजार ७०० मिटर उचाइमा राखिन्छ ।



चिसोमा याकचौँरी तथा अन्य पशुलाई घाँस पूर्ण रुपमा सुकेर आहारको कमी हुने गर्दछ । त्यसको अभाव पूर्ति गर्न पशुपालक किसानले घरेलु खाद्यवस्तुको प्रयोग गरी जैविक आहार खुवाउने गर्दछन् । जैविक आहारले याकचौँरीलगायतका पशुचौपायलाई पौष्टिक आहारसमेत पूरा गर्दछ। मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका याकचौँरीपालक किसान याञ्छु खाण्टा लामा भन्नुहुन्छ, "पहिलापहिला बेँसीमा पशुचौपाया झारे पनि घाँसपात पाइन्थ्यो, अहिले मुस्किल छ, हिउँ कम परेपछि पानी पाउँदैन र घाँस उम्रिनै छोड्यो, आहार खुवाउनै मुस्किल छ, आफैँले बनाउन सकिएन भने याकचौँरी पाल्न समस्या छ, किसानलाई त समस्या नै समस्याले घेरिएको छ ।"

अहिले आहार खुवाउन र जोहो गर्नै समस्या भएको उहाँ बताउनुहुन्छ । "खेती तथा पशुपालक किसानलाई त मौसमले पनि ठगेको छ", उहाँ भन्नुहुन्छ, "धेरै पशुचौपायलाई आहार पुर्‍याउनै समस्या छ ।" यहाँका पशुपालकले घाँसको अभाव पूरा गर्न जौ, करु, उवा, गहुँ, फापरको डाँठको मिश्रणबाट आहार बनाएर खुवाउने गरिन्छ ।

नार्सौं गाउँपालिका-८ ताचैका पशुपालक किसान याद घले घाँसको अभावमा याकचौँरी, भेडाच्याङ्ग्राले माटो चाटेर बाँच्ने गरेको बताउनुहुन्छ । "हिउँ परे पो यहाँको पालुवा पलाउँछ र पशुचौपायलाई घाँस हुन्छ", उहाँ भन्नुहुन्छ, "एउटै गोठमा २०० भन्दामाथि याकचौँरी र भेडाच्याङ्ग्रा पालिन्छन्, आफैँले घाँस, दाना खरिद गरेर पाल्न सक्ने अवस्था छैन ।" प्राकृतिक हिसाबले समयमा हिउँ पर्ने पानी पर्ने भएमा घाँस सहज रुपमा उपलब्ध हुने उहाँको भनाइ छ ।

"अरु घाँस पाइँदैन यतिबेला सुकेका पातपतिङ्गर खुवाउने गरिएको छ", घले भन्नुहुन्छ, "पुस १५ पछि सोइ (दाना) खुवाउने गरिन्छ, करिब पुसदेखि फागुन, चैतसम्म याकचौँरी र भेडाच्याङ्ग्रालाई घाँसको समस्या हुन्छ ।" जौ, करु, उवा, गहुँ, फापरको डाँठ गाईगोरु, याकचौँरीलाई भए पनि भेडाच्याङ्ग्रालाई घाँस पुर्‍याउन नसकिने उहँको भनाइ छ । घाँस नपाइने मौसममा हिउँ परे अझ घाँस खान नपाएर पशुचौपाय मर्ने गरेका उहाँ बताउनुहुन्छ ।

सरकारको पक्षबाट शतप्रतिशत अनुदानमा सोइ (दाना) को अभाव पूरा गर्न सहयोग पाएमा मनाङका युवालाई पशुपालनमा प्रेरित गर्न सकिने घले बताउनुहुन्छ । यहाँको मुख्य आय पर्यटन व्यवसाय, खेतीपाती र कृषि हो, यसैमा निरन्तरता दिन सरकारले प्राथमिकताका साथ अनुदान उपलब्ध गराउनतर्फ ध्यान दिनुपर्नेमा उहाँको जोड छ। सुकेका डाँठलाई पशुचौपायले खाए पनि मल हुन्छन् भने नखाएका डाँठ प्राङ्गारिक मल (सोइ) बनाउन प्रयोग गरिन्छ । यसले पशुचौपायलाई न्यानो बनाउने कार्यसमेत गर्ने गरेको किसान बताउँछन् ।

हिउँ पर्ने वा चिसो बढ्दै जाँदा यहाँका याकचौँरीलाई आहार पुर्‍याउन सकस हुने गरेको नेपाल याकचौँरीपालक किसान महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थकालीले बताउनुभयो । समयमा हिउँ नपर्दा पालुवा नपलाउने र सुक्खापन बढ्ने क्रममा रहेको उहाँले बताउनुभयो । "मनाङको तल्लो क्षेत्रमा डाले घाँस लगाएर हरियो घाँस नै खुवाउन सकिने देखिएको छ। तर, माथिल्लो क्षेत्रमा बढी सुक्खापनले घाँस पूर्ण रुपमा अभाव नै हुन्छ", उहाँले भन्नुभयो, "बाहिरबाट दाना किनेर ल्याउनुपर्ने बाध्यता बनेको छ, दाना किन्न भने सहज छैन ।" बजारसँग सहज पहुँच नहुँदा ढुवानी र दाना खरिद गर्न किसानले सक्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

यहाँका पशुपालक किसानले पौष्टिक आहार तथा पशुचौपायलाई बचाउन यहाँ उत्पादित खाद्यवस्तुका साथै सुकेका डाँठको उपयोग गर्न बाध्य भएका थकालीले बताउनुभयो । यहाँको मौसम तथा माटो सुहाउँदो घाँस लगाउन तथा उत्पादन गर्न प्रोत्साहन गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो । "खेती पनि वर्षमा एक सिजन मात्रै हुने हुँदा सुकेका डाँठ पनि पुर्‍याउन मुस्किल हुने गर्दछ, यसले पौष्टिक आहारको अभावले पशुचौपायामा दुब्लोपना देखिन्छन्", उहाँले भन्नुभयो, "यसकै कारण पशुपालनबाट युवाको आकर्षण हुनुपर्नेमा विकर्षण हुने गरेको पाइएको छ ।"

यहाँका पशुपालक किसानले घाँसको अभाव पूरा गर्न जैविक रुपमा दाना (सोइ) बनाएर खुवाउने गरेका छन् । यहाँ गरिने खेतीपाती (गहुँ, करु, कोलो बोडी, फापर, जौँ) लगायत रैथाने बालीका सुकेका डाँठलाई खुवाएर बचाउने गरिन्छ । घाँस नपुगेर हुनसक्ने याकचौँरीको दुर्बलतालाई सोइले पौष्टिक तथा भिटामिनसमेत पूरा हुने गरेको किसान बताउँछन् ।रासस

# प्रोटोन ईमासको काठमाडौँ र चितवनमा विशेष एक्सचेन्ज अफर

**टुडे समाचारदाता**

काठमाण्डु । जगदम्बा मोटर्स प्रा.लि. अन्तर्गत सञ्चालन हुने नेपालकै अग्रणी इलेक्ट्रिक सवारी साधन (इभी) ब्रान्ड प्रोटोन ईमासले काठमाडौँ र चितवनमा विशेष एक्सचेन्ज अफर कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

जस अनुसार काठमाडौँ र चितवनमा पुस ६, ७ र ८ गते (डिसेम्बर २१, २२ र २३, २०२५ ) गते विशेष एक्सचेन्ज अफर कार्यक्रम सञ्चालन हुने छ ।

काठमाडौँ उपत्यकामा यो कार्यक्रम संस्कार फाइन डाइन एण्ड इभेन्ट्स, ललितपुरमा हुने छ भने चितवनमा चितवनको मिलनचोकस्थित शोरुममै आयोजना हुनेछ ।




तीन दिन सञ्चालन हुने सो कार्यक्रममा विद्यमान सवारी साधन एक्सचेन्ज गर्न चाहने ग्राहकहरूलाई प्रोटोन ईमासका प्रमुख विशेषताहरु, सेवा सुविधा तथा अफरका फाइदाबारे विस्तृत जानकारी प्रदान गरिने कम्पनीले जनाएको छ। एक्सचेन्ज अफरमा प्रोटोन इमास ७ को मुल्य रु.४६.९९ लाखबाट सुरु हुनेछ ।

प्रोटोन ईमास ७ ले शक्तिशाली १६० किलोवाट मोटर पावर प्रदान गर्दछ भने यसमा १८० मिमी ग्राउण्ड क्लिरेन्स तथा एनइडिसी रेन्ज ४९२ र ५८५ रहेको छ। उन्नत सुरक्षात्मक तथा प्रिमियम डिजाइन सुविधासहितको यो भ्ह को लम्बाइ ४६१५ मिमी रहेको कम्पनीले उल्लेख गरेको छ ।

यस विशेष अफरमार्फत ग्राहकहरूले अत्याधुनिक इभीमा अपग्रेड गर्ने उत्कृष्ट अवसर पाउने भएका छन् ।

# लालबन्दी-बर्दिबास सडक खण्डको जंगल क्षेत्रमा एनसेलको सेवा विस्तार

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वपश्चिम राजमार्गको लालबन्दी-बर्दिबास सडक खण्डको जंगल क्षेत्र हुँदै आवतजावत गर्ने यात्रुहरुले अब मोबाइलमा नेटवर्क नआउने समस्या झेल्न नपर्ने भएको छ। निजी क्षेत्रको मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले यात्रु सुरक्षाका हिसाबले संवेदनशील यो खण्डको ८ किलोमिटर क्षेत्रमा निर्बाधरुपमा दूरसञ्चार सेवा लिन सकिने बनाएको छ ।

दैनिक रुपमा हजारौ यात्रुहरु पूर्वपश्चिम राजमार्गको यो जंगलहुँदै देशको पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वतर्फ यात्रा गर्ने गर्दछन् तर यो खण्डमा मोबाइल नेटवर्कको कभरेज थिएन । यो खण्ड वन तथा जंगलको क्षेत्रबाट गुज्रिएको मधेश प्रदेशकै सबैभन्दा लामो सडक खण्ड हो जसको दुरी २१ किलोमिटरको रहेको छ । साधारणतय राजमार्ग तथा वन क्षेत्रमा विद्युत आपुर्ति र टावर व्यस्थापनको समस्याले नेटवर्क नआउँने र फोन नलाग्ने समस्या रहन्छ । एनसेलले सेवा उपलब्ध गराएसँगै यात्रुहरु तथा वरपरका स्थानीयहरु सहज सञ्चारबाट लाभान्वित भएका छन् । नेटवर्क नलाग्ने समस्या हटेको हुनाले जंगलको बाटोबाट यात्रागर्दा अब सुरक्षित महसुस भएको यात्रुहरु बताउँछन् ।

पूर्वपश्चिम राजमार्गको जंगल क्षेत्रमा सेवाको उपलब्धतालाई सुनिश्चित गर्न थप स्थानहरूमा टावर जडान गरि संचालन गर्न सम्भाव्यता अध्ययन भइरहेको एनसेलले जनाएको छ। वन क्षेत्रमा नयाँ टावर राख्न विभिन्न कारणले तत्काल सम्भव नभएकोले एनसेलले गढन्ता र लक्ष्मिनिया साझेदारी वन परिसरका निश्चित स्थानमा नयाँ प्रविधिको लिन नेटवर्क सोलुसनको प्रयोगमार्फत सेवा उपलब्ध गराएको हो ।

यात्रु सुरक्षाका हिसाबले संवेदनशील यो सडक खण्डमा सेवा उपलब्ध गराउनका लागि डिभिजन वन कार्यलय (महोत्तरी), गढन्ता सब डिभिजन कार्यलय र बाके सब डिभिजन वन कार्यलयले सहयोग तथा सहजिकरण गरेका थिए। गत वर्ष मधेस प्रदेशका मुख्यमन्त्रीले समेत यो खण्डमा मोबाइलको नेटवर्क नहुँदा यात्रुहरुलाई सम्पर्कमा रहन गाह्रो भएको बताएका थिए र सुरक्षा-संवेदनशीलताको दृष्टिकोणबाट मोबाइल कनेक्टिभिटीको सुधार लागि जोड दिएका थिए ।

# व्यावसायिक कागतीखेतीमा व्यस्त सिभिल इन्जिनियर लोहनी



घोराही । घोराही उपमहानगरपालिका-१६ तेरौटेका प्रतीकराज लोहनीले प्राङ्गारिक विधिमा आधारित भएर व्यावसायिक रूपमा कागतीखेती गरेर नमूना किसानको परिचय बनाउनुभएको छ ।

रासायनिक विषादी प्रयोग नगरी खेतीमा लाग्नुभएका सिभिल इन्जिनियर उहाँले यसमा रु एक करोड लगानी गरिसक्नुभएको छ । चार बिघा १० कट्ठाबाट खेती सुरु गर्नुभएका ४१ वर्षीय लोहनीले यसलाई छ बिघा विस्तार गर्नुभएको छ ।

उद्यमी लोहनीले सञ्चालन गरेको बगैँचामा 'सुन कागती-१' जातका करिब दुई हजारभन्दा बढी बिरुवा रोपिएका छन् । उहाँ भन्नुहुन्छ, "सुन कागतीको बिरुवाले सामान्यतया रोपेको तीन वर्षदेखि उत्पादन दिने गर्दछ । हाल कागती जिल्लाको घोराही बजारसँगै काठमाडौँ पनि पठाउने गरेको छ ।"बगैँचामा १० जनाले रोजगारी पाएका छन् । खेती बढाउने सोचमा रहनुभएका उहाँले प्रतिकट्ठा वार्षिक रु तीन हजार तिर्ने गरेको बताउनुभयो । उहाँले थोपा सिँचाइ प्रविधि प्रयोग गर्नुभएको छ । तेरौटे गाउँलाई 'ग्रिन भिलेज'का रूपमा विकास गर्ने उहाँको लक्ष्य छ ।

काठमाडौँमा अध्यापनसँगै हाइड्रोपावर कम्पनीमा सेवा गर्नुभएका उद्यमी लोहनीले भन्नुभयो, "सागसब्जीका तुलनामा कागतीमा रोग सङ्क्रमणको डर कम हुने र उत्पादन पनि अधिक हुने भएकाले कागतीखेतीमा लागेको हुँ ।" गत वर्ष प्रतिकिलो रु एक सय ५० सम्म मूल्य पाएको कागती यस वर्ष रु ८० मा झरे पनि खेतीप्रति निराश हुनुपर्ने अवस्था नरहेको उहाँ बताउनुहुन्छ ।रासस



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय जलेश्वरको २१ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८२/०९/०३)

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा कार्यालय, जलेश्वर २१ महोत्तरी**

| क्र. सं. | ग्राहकको आई.डी नं. | नाम | बुवा/पतिको नाम | वाजे/ससुराको नाम | ठेगाना | उदेश्य | वांकी सांवा | २०८२ मंसिर म.सम्मको व्याज | जम्मा | पि.जि./धितो मञ्जुरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९४५५५७ | मा.जैनुदिन अंसारी | मो.नेवाजी अंसारी | दिल मो.अनसारी | कोल्उवा बगीया ०३ | घरायसी | ४०००००० | ३४०२०।७३ | ४३४०२०।७३ | | |
| २ | ९४५६९० | सिताशरण सिंह | देबधर सिंह | राम गुलाम सिह | जलेश्वर ०९,फुल्हटा | सरल कृषि कर्जा | १५०००००० | ६८५२६।९८ | १५६८५२६।९८ | | |
| ३ | ९४४७४१ | गोबिन्द निमार्ण सेवा (प्रो. रमेश प्रसाद साह) | जगदिस प्रसाद साह | राम बृक्ष साह | जलेश्वर ०६ | ब्यपार<br>सरल ठेक्का कर्जा | ५०००००<br>१५०००००० | १००००<br>६०००० | २०७०००० | अमबिका देबी शाह | |
| ४ | ९४४८२१ | दशरथ भण्डारी | नथुनि भण्डारी | बिलट भण्डारी | जलेश्वर ०५ | घरायसी | ९४७६०९।९७ | १२०३७३।४१ | १०६७९८३।३८ | | |
| ५ | ९४५७५२ | सुर्य नरायण यादब | कारी यादब | अजोद यादब | जलेश्वर ०८ | घरायसी | ५०००००० | २०००० | ५२०००० | | |
| ६ | ९४४९८३ | चन्द्र नरायण प्रसाद राउत | हरीशरण प्रसाद राउत | रामा राउत | जलेश्वर ०१ | ओ.डी | ५०००००० | ६७००० | ५६७००० | बबिता देबि राउत | |
| ७ | ९४४२०५ | बिरेन्द्र ठाकुर | जिबछ ठाकुर | ठकन ठाकुर | धिरापुर ०३ | ब्यपार कर्जा | १०००००० | ४२००० | १०४२००० | | |
| ८ | ९४४२२० | शिव महिमा कन्सटकक्सन (प्रो.राजेश्वर राय ) | अनुरुध राय | आशा राय | हलखोरी ०७ | सरल ठेक्का कर्जा | २६५०००० | १७०००० | २८२०००० | सुनिता कुमारी राय | |
| ९ | ९४५०९५ | चन्देश्वर पासमान | राम औतार पासमान | सुनर पासमान | रतबारा ०५ | घरायसी | ६०००००० | २०००० | ६२०००० | | |
| १० | ९४५४९० | बैधनाथ साह | राम गुलाम शाह | फेकन शाह | जलेश्वर ०६ | घरायसी | ४७५००० | २०००० | ४९५००० | | |
| ११ | १४०३८३४ | उपेन्द्र मण्डल | राम दयाल मण्डल | सूकन मण्डल | कोल्हुवा बगीया ०१ | सरल कृषि कर्जा | ८०००००० | २५००० | ८२५००० | | |
| १२ | ९४५७४४ | महेन्द्र मण्डल | राम दयाल मण्डल | सूकन मण्डल | कोल्हुवा बगीया ०१ | घरायसी | ६५०००० | २०००० | ६७०००० | | |
| | | | | | | जम्मा रकम | १२०२२६०९।९७ | ६७६९२१।१२ | १२६९९५३१।०९ | | |

**कृषि विकास बैंक लि.**
मधेश प्रदेश कार्यालय, जनकपुरधाम

# जनमतका मधेश उपाध्यक्ष जसपा नेपालमा



**टुडे समाचारदाता**

सर्लाही । राजीनामा दिएको केही समयमै जनमत पार्टीका मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष भरत चौधरी जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।

बुधबार जसपा नेपालको केन्द्रीय कार्यालय काठमाडौमा आयोजित एक कार्यक्रमका बीच पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले चौधरीलाई पार्टीको सदस्यता प्रदान गरी पार्टीमा भित्र्याएका छन् ।

पार्टी प्रवेशपछि चौधरीले, मधेशका मुद्दा, अधिकार र पहिचानलाई संस्थागत गर्नका लागि जसपा नेपाल उपयुक्त शक्ति भएको उल्लेख गरे । उनको प्रवेशले मधेश प्रदेशमा पार्टीको संगठन थप मजबुत हुने विश्वास जसपा नेपालका नेताहरूले व्यक्त गरेका छन् ।

कार्यक्रममा जसपा नेपालका मधेस प्रदेश अध्यक्ष बालकिशोर यादव, सर्लाही जिल्ला अध्यक्ष रणधिर यादव, केन्द्रीय सदस्य पेशल ढकाल, कविलासि नगरपालिकाका पुर्व मेयर कौशल किशोर यादव र बसवरिया गाउँपालिका अध्यक्ष राम सिहासन राय लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## मधेश प्रदेश सरकारद्वारा छड्के

# १८ कार्यालयका ७२ कर्मचारी कारवाहीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकार मातहतका १८ वटा कार्यालयमा कर्मचारीको उपस्थिति र तोकिएको पोषाकसम्बन्धी छड्के निरीक्षण गरेका छन् ।

मंगलवारदेखि गरिएको उक्त निरीक्षणबाट ७२ जना कर्मचारी कारबाहीमा परेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार पुस १ गते ४८ जना र पुस २ गते २४ जना कर्मचारी कारबाहीमा परेका हुन् । निरीक्षणका क्रममा पूर्वस्वीकृति बेगर अनुपस्थित तथा तोकिएको पोषाक नलगाएका कर्मचारी फेला परेका थिए ।

कारबाहीमा परेका कार्यालयहरूमध्ये प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, कृषि ज्ञान केन्द्र, प्रदेश वन निर्देशनालय, खेलकुद तथा समाज कल्याण मन्त्रालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय लगायतका रहेका छन् ।

यस्तै उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विकास केन्द्र, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा जलस्रोत तथा सिँचाइ विकास डिभिजन




कार्यालयमा समेत निरिक्षण गरिएको छ ।

कारबाहीमा परेका ७२ जनामध्ये ५५ जना पुरुष र १७ जना महिला कर्मचारी रहेका छन् । तहगत रूपमा हेर्दा उपसचिव सरहका २ जना, शाखा अधिकृत सरहका ४१ जना, नायब सुब्बा सरहका १६ जना, खरिदार सरहका ४ जना, सवारी चालक ३ जना र कार्यालय सहयोगी ६ जना रहेका छन् ।

निरीक्षणका क्रममा पूर्वस्वीकृति बेगर अनुपस्थित ३४ जना कर्मचारी फेला परेका छन्, जसमा २२ जना पुरुष र १२ जना महिला छन्। यस्तै तोकिएको पोषाक नलगाएका ३८ जना भेटिएका छन्, जसमा ३३ जना पुरुष र ५ जना महिला रहेका छन् । साथै २ जना कर्मचारी कार्यालयमा उपस्थित भए पनि हाजिर नगरेको र पोषाकसमेत नलगाएको पाइएको छ । छड्के निरीक्षण गरिएको कार्यालयहरूमध्ये पशु सेवा तालिम केन्द्रका कर्मचारीहरू भने रुजु हाजिर र तोकिएको पोषाकमा उपस्थित रहेको जनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पूर्वस्वीकृति बेगर अनुपस्थित तथा तोकिएको पोषाक नलगाएका कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी सम्बन्धित निकायमा कर्मचारीको विवरणसहित पत्राचार गरिसकेको जनाएको छ ।

प्रदेश सरकारले यस्ता निरीक्षणलाई निरन्तरता दिँदै मधेश प्रदेशका बाँकी ७ वटा जिल्लामा पनि निरीक्षण टोली खटाउने तयारी गरेको छ। साथै आगामी दिनमा हाजिरी र पोषाक मात्र नभई सेवा प्रवाह तथा विकास निर्माण कार्यको समेत निरीक्षण र अनुगमन गरिने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

# मुख्यमन्त्रीले शुक्रबार विश्वासको मत लिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार प्रदेशसभाबाट विश्वासको मत लिने भएको छ ।

मुख्यमन्त्री यादवले शुक्रबार दिउँसो ४ बजे विश्वासको मत लिने व्यवस्था मिलाइदिन आग्रह



गर्दै मधेश प्रदेशसभा सचिवालयलाई पत्राचार गरेका छन् ।

मुख्यमन्त्रीको सचिवालयका अनुसार नेपालको संविधानको धारा १६८ अन्तर्गतको व्यवस्था बमोजिम विश्वासको मत लिने प्रयोजनका लागि बुधबार प्रदेशसभामा पत्र पठाइएको हो । संविधानले मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र अनिवार्य रूपमा विश्वासको मत लिनुपर्ने व्यवस्था गरेको छ ।

मंसिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेता रहेका यादव ६ दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेका थिए ।

नियुक्तिपछि संविधानिक प्रावधानअनुसार तोकिएको समयसीमाभित्र विश्वासको मत लिनुपर्ने भएकाले मुख्यमन्त्री यादवले शुक्रबार प्रदेशसभामा विश्वासको मत लिन लागेका हुन् । प्रदेशसभा सचिवालयले विश्वासको मतसम्बन्धी कार्यसूची तयारी र आवश्यक व्यवस्थापन गरिरहेको जनाएको छ ।

# नियम पालन नगर्नेलाई कारवाही

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले ट्राफिक नियम पालन गर्ने सवारी साधनलाई कारवाही गर्ने चेतावनी दिइएको छ ।

उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले बुधबार एक प्रेस विज्ञप्ति जारी गरी ई-रिक्सा चालकबाट हुने दुर्व्यवहार, तोकिएकोभन्दा बढी भाडा असुली, जथाभावी पार्किङ तथा यात्रु चढाउने-ओराल्ने क्रममा ट्राफिक नियम उल्लङ्घन हुने गर्ने गरेको गुनासो आइरहेकाले उपमहानगरको नियम पालन नगर्ने कारवाही गर्ने भनेको छ ।

अव्यवस्थित ई-रिक्सा सञ्चालनका कारण ट्राफिक अस्तव्यस्त हुनुका साथै सवारी दुर्घटनाको जोखिम बढेको र पैदलयात्रीसमेत प्रभावित भएको निष्कर्षसहित उपमहानगरपालिकाले ई-रिक्सा चालक तथा नगरवासीलाई सहकार्य गर्न आग्रह गरेको छ ।

यस्ता गतिविधिका कारण सर्वसाधारण, पैदलयात्री, आन्तरिक तथा बाह्य पर्यटक, सुरक्षाकर्मी र नगरवासीले पटकपटक गुनासो तथा ध्यानाकर्षण गराउँदै आएको




उपमहानगरपालिकाले जनाएको छ ।

विज्ञप्तिमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार टेम्पो, अटो-रिक्सा तथा ई-रिक्सा जस्ता सवारी साधनको कर निर्धारण, दर्ता, अनुमति तथा नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको स्पष्ट पारिएको छ ।

सोही कानुनी प्रावधानका आधारमा जनकपुरधाम उपमहानगरपालिकाले ई-रिक्सा दर्ता प्रक्रिया सुरु गरिसकेको र आगामी दिनमा सञ्चालन अनुमति तथा नियमनलाई थप प्रभावकारी बनाइने जानकारी दिइएको छ ।

ई-रिक्सा व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन यसअघि विभिन्न सरोकारवाला निकायसँग पटकपटक छलफल तथा बैठक भएको उल्लेख गर्दै उपमहानगरपालिकाले नगर क्षेत्रभित्र ई-रिक्साको चाप घटाउने र निश्चित मापदण्डअनुसार सञ्चालन गर्ने निर्णय भएको जनाएको छ । यसले ट्राफिक व्यवस्थापन सहज हुने, दुर्घटनाको जोखिम घट्ने र नगरको समग्र सौन्दर्यमा सुधार आउने विश्वासमा छ । यता नगरभित्र संचालन गर्न दिनुपर्ने भन्दै यातायात व्यवस्था कार्यालयमा दर्ता भएको ई रिक्सा चालकहरु गत दुई दिनदेखि आन्दोलनमा छन् । उनीहरुले आफू कानून बमोजिम दर्ता भएपनि जनकपुरधाम उपमहानगरपालिकाले नगरभित्र संचालन गर्न नदिएको भनी आक्रोशित बनेका छन् ।

उपमहानगरपालिका भित्र हजारौको संख्यामा ई–रिक्सा संचालन भइरहेको कारण ट्राफिक व्यवस्थापनमा निकै समस्या उत्पन्न भइरहेको छ । अत्यधिक संख्यामा ई–रिक्सा भएको कारण नगरभित्र अन्य सवारी साधन मात्र होइन पैदल यात्रीलाई समेत समस्या हुँदै आएको छ। आन्दोलनको क्रममा बुधवार ई रिक्सा चालकहरुले अन्य ई रिक्साबाट पैसेन्जर उतारेर तिनीहरुलाई पनि बलजफ्ती आन्दोलनमा सहभागी गराएका थिए ।

ई–रिक्सा संचालनका लागि चालकलाई तालिमको अभाव, स्टोपेज र पार्क अभावमा जनकपुरधाम नगरभित्र ट्राफिक अव्यवस्थापनले गर्दा दिनहुँ दुर्घटना भइरहेको दृष्टिगत गर्दै उपमहानगरपालिकाले ई-रिक्सालाई व्यवस्थित बनाउन नियमन गर्ने तयारी गरेको छ ।

# मधेशी दलहरु निर्वाचनको पक्षमा



**टुडे समाचारदाता**

जनकपुरधाम । कांग्रेस र एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै आइरहेको बेला मधेस केन्द्रित दलहरु भने त्यसको विपक्षमा देखिएका छन् । उनीहरू जुनसुकै हालतमा निर्वाचन हुनुपर्ने पक्षमा रहेका छन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले चुनावको तयारीमा लागेको सरकारलाई सहयोग गर्न आफूहरू तयार रहेको बताउंछन् । उनले भने 'सरकारले चुनाव गराउँछ भने हामी भाग लिन तयार छौं ।

चुनावको घोषणा गरिसकेकाले संसद् पुनर्स्थापनाको कुरा गर्न उठाउनु ठीक होइन ।' जेनजी पुस्ताले गरेको आन्दोलनकै कारण २०८४ को चुनाव २०८२ मा हुन लागेकाले यसको विकल्प नभएको उनको भनाइ छ ।

यस्तै जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि आफ्नो पार्टी संसद् पुनर्स्थापनाको पक्षमा नरहेको बताउंछन् । जेनजी आन्दोलनको सम्मान गर्दै आफ्नो पार्टी चुनावका लागि तयार रहेको उनको भनाइ छ । 'जेनजी आन्दोलनपछि संसद् विघटन भइसकेको छ र चुनावको घोषणा भइसकेको छ, अब पछाडि नफर्की नयाँ जनादेशका लागि अगाडि बढ्नुपर्छ,' उनले भने ।

विघटित प्रतिनिधिसभामा नरहेको राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले संसद् पुनर्स्थापनाको मागले जेनजी आन्दोलनको अपमान गर्ने बताए ।

'कांग्रेस-एमालेले पुनः लुट मचाउन, भ्रष्टाचार गर्नका लागि संसद् पुनर्स्थापनामा जोड दिएका हुन् । नयाँ जनादेशमा जानुको विकल्प छैन, अब कसैले पनि आन्दोलनको मानमर्दन गर्न पाइँदैन,' उनले भने ।'

लोकतान्त्रिक समाजवादी पार्टीका उपाध्यक्ष लक्ष्मणलाल कर्णले पनि अबको विकल्प चुनाव नै भएको बताएका छन् । उनले भने 'चुनाव हुन नसक्ने अवस्थामा मात्रै विकल्पको रूपमा संसद् पुनर्स्थापनामा जानुपर्ने हो, सरकारले चुनावको मिति घोषणा गरिसकेकाले सबै दल त्यसमै केन्द्रित हुनुपर्ने हो ।'

# अनिश्चितकालका लागि विद्यालय बन्द



**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षकहरुको आन्दोलनले गर्दा धनुषाको कमला नगरपालिकाको समुदायिक विद्यालयहरु अनिश्तिकालिन बन्द भएको छ ।

तलब भत्ता नखुवाएको भन्दै नगरभरिका विद्यालयका शिक्षकहरु एकसाथ आन्दोलित भएर पठनपाठन अवरुद्ध गरी अनिश्तिकालिन धर्नामा बसेका हुन् ।

विद्यालयहरु बन्द गरी शिक्षकहरुले दैनिक नगरपालिकाको कार्यालय माचि झिटकैया अगाडी बसेर धर्ना सुरु गरेका छन् । उनीहरुले साउनदेखि आफूहरुको तलब भत्ता नदिएको भन्दै विरोध स्वरुप विद्यालयहरु बन्द गरी धर्नामा बसेका छन् ।

२०८२/०८३ को नगरसभा नभएको अवस्थामा कमला नगरपालिकाको कामकाज ठप्प रहेको छ । जनप्रतिनीधिहरुबीच विगत ९ बर्षदेखि चल्दै आएको आन्तरिक किचलोको प्रक्रिया अझै जारी रहँदा कमला नगरापालिका अनिर्णयको बन्दी बन्दै आएको छ ।

चालु आर्थिक बर्षको लागि नगरसभाको कुनै तुक देखिएको छैनन्, नगरसभा नहुँदा शिक्षकहरुले तलब पाउन सकेका छैनन भने अन्य कर्मचारीहरुले समेत तलब भत्ता पाउन सकेका छैनन् ।

विभिन्न राजनीतिक पार्टी सम्मलित कार्यपालिका रहेको कमला नगरपालिकामा कार्यपालिकाले तलबको निर्णय गरिदिएपछि तलब खान पाउने व्यवस्था भएपनि कार्यपालिकामै किचलो भएको कारण नगरसभा समेत हुन सकेको छैनन् ।

शिक्षकहरुले तलबभत्ताको ग्यारेन्टी नगरेसम्म अनिश्चितकालिन विद्यालयहरु बन्द रहने अडान लिएका छन् भने नगर प्रमुख विशेश्वर यादवले एक महिनाको समय मागेका छन् । एक महिनामा तलबभत्ता खुवाउने उनले बताएका छन् । शिक्षकहरुले ग्यारेन्टी मागेपछि उनले ग्यारेन्टी गर्न सक्ने अवस्था नभएको बताएपछि शिक्षकहरु आन्दोलनलाई निरन्तरता दिएका छन् ।

# शिक्षा क्षेत्र बद्नाम

**टुडे समाचारदाता**


रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकाभित्र रहेको एक सामुदायिक विद्यालयमा कक्षा १० को परीक्षा सुरु हुनुअघि नै प्रश्नपत्र बाहिरिएको घटना अहिले सामाजिक सञ्जालमा व्यापक रूपमा भाइरल बनेको छ।

परीक्षा जस्तो संवेदनशील प्रक्रियामा देखिएको यस गम्भीर लापरवाहीले नगरपालिकाको शिक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ भने शिक्षा क्षेत्रको विश्वसनीयतामै धक्का पुगेको छ।

बुधबार सञ्चालन हुने परीक्षाको प्रश्नपत्र समयअगावै बाहिरिनु लज्जास्पद र अत्यन्तै चिन्ताजनक भएको भन्दै आम जनता पार्टीका नगर अध्यक्ष तथा मेयर प्रत्यासी विजय यादवले कडा प्रतिक्रिया जनाएका छन्। उनले नगरपालिकामा विद्यमान अयोग्य नेतृत्व, कमजोर व्यवस्थापन र जंगलराजको अवस्थाकै कारण यस्तो घटना भएको आरोप लगाएका छन् ।







मेयर प्रत्यासी यादवका अनुसार यस्ता गैरजिम्मेवार गतिविधिले इमान्दार, मेहनती तथा अनुशासित विद्यार्थीहरूको भविष्यसँग प्रत्यक्ष खेलवाड भइरहेको छ । शिक्षा क्षेत्रसँग सरोकार राख्ने निकायहरूको कमजोर निगरानी, दण्डहीनता र जिम्मेवारीको अभावका कारण यस्ता घटनाहरू पटक-पटक दोहोरिँदै आएको उनको भनाइ छ। उनले घटनाको सत्यतथ्य छानबिन गरी दोषी पहिचान गर्न, कडा कारबाही गर्न, साथै परीक्षा प्रणालीलाई थप पारदर्शी, सुरक्षित र विश्वासयोग्य बनाउने व्यवस्था तत्काल लागू गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

शिक्षा नै समाजको मेरुदण्ड भएको उल्लेख गर्दै मेयर प्रत्यासी यादवले फतुवा विजयपुरको शिक्षा क्षेत्रलाई अनुशासित, गुणस्तरीय र विश्वासयोग्य बनाउने आफ्नो दृढ प्रतिबद्धता पनि व्यक्त गरेका छन् ।

यता, यस विषयमा फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन थापासँग प्रतिक्रिया लिँदा उनले घटनाको सत्यतथ्य छानबिन भइरहेको र दोषी भेटिएमा कानुनअनुसार कडा कारबाही गरिने प्रतिक्रिया दिएका छन् ।

प्रश्नपत्र लिक जस्तो गम्भीर घटनाले फतुवा विजयपुरको शिक्षा व्यवस्थाको वास्तविक अवस्था उजागर गरेको भन्दै स्थानीयवासीहरूले समेत निष्पक्ष छानबिन र जिम्मेवार निकायमाथि कडा कदम चाल्न माग गरेका छन् ।

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

**जाडो तथा चिसोको समयमा:**

- मौसमीरुघाखोकी,भाईरलज्वरो,छातीकोसमस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खानेकुरा खाऔं र खुवाऔं ।
- शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८